का.जि.प्र.का.द.नं. १००/०५९/६०
१ माघ २०८१,
मंगलबार
14 January, 2025
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २२, अंक ३२६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# भूमिहीनमाथि सधैं राजनीति




एकातिर सरकारले विधि बनाउने थलो संसद्मा विधेयक नल्याएर भूमिसम्बन्धी अध्यादेश ल्यायो । अर्कोतिर भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा दिनेगरी सरकारले ल्याएको अध्यादेश राष्ट्रपतिले रोकिदिए । दुवैतर्फबाट राजनीति गरिँदा फेरि पनि मारमा भूमिहीन नै परेका छन्

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २९ पुस ।

नेपालमा प्रत्येक राजनीतिक परिवर्तन र त्यसका लागि भएको आन्दोलन तथा निर्वाचनको प्रक्रियामा रहँदै आएको एउटा साझा विषय हो- भूमिको स्वामित्व । भूमिको स्वामित्वलाई लिएर सयौं वर्षदेखि राजनीति चलिरहेको छ ।

मुलुक प्रजातान्त्रिक प्रक्रियामा आएयता पनि प्रत्येक निर्वाचनमा भूमिहीनलाई भूमि दिने र सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई बसिरहेको जग्गाको लालपुर्जा दिने विषय सबै राजनीतिक दल र उम्मेदवारको नारा बन्छ । तर, यसकै लागि भनेर लेखिएको संविधान र यससम्बन्धी संवैधानिक व्यवस्था लागू गर्न खोज्दा फेरि पनि उस्तै राजनीति हुने गरेको छ ।

सोमबार एउटा यस्तै घटना नेपाली राजनीतिमा भएको छ। एकातिर सरकारले विधि बनाउने सही संसद्मा विधेयक नल्याएर भूमिसम्बन्धी अध्यादेश ल्यायो । अर्कोतिर भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा दिनेगरी सरकारले ल्याएको अध्यादेश रोकिदिए । दुवैतर्फबाट राजनीति गरिँदा फेरि पनि मारमा भूमिहीन नै परेका छन् ।


यसअघि सरकारले विभिन्न ५ वटा अध्यादेश ल्याउन राष्ट्रपतिकहाँ पठाएको थियो । त्यसमध्ये ४ वटा लगानी र सरकारी सेवा प्रवाहसँग सम्बन्धित र एउटा भूमिसँग सम्बन्धित थियो । राष्ट्रपति कार्यालयले लगानी र सरकारी सेवा प्रवाहसँग सम्बन्धित पृष्ठ २ मा



भूमिसम्बन्धी अध्यादेश जारी भएको छैन । यो अध्यादेश अध्ययनकै क्रममा छ

**शैलजा रेग्मी भट्टराई**
प्रवक्ता, राष्ट्रपति कार्यालय

# अलपत्र वामदेव



हामीले एकीकृत समाजवादीसँग तत्काल एकता गर्छौं भनेका थिएनौं । बैठक बसेर निर्णय गर्छौं भनेका थियौं । अब बैठकको निर्णय र आवश्यकताअनुसार अघि बढ्छौं

**वामदेव गौतम**

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २९ पुस ।

राजनीतिक जीवनबाट किनारीकृत जस्तै बन्न पुगेका राष्ट्रियसभा सदस्य तथा पूर्वउपप्रधानमन्त्रीसमेत रहेका वामदेव गौतम समयसमयमा आफ्नो घर खोज्दै हिँड्ने गरेका छन् । कहिले नेकपा एमाले, कहिले नेकपा (माओवादी केन्द्र) त कहिले नेकपा (एकीकृत समाजवादी)का नेताका दैला चहार्दै हिँडेका उनले अहिलेसम्म आफ्नो घर भेट्टाउन भने सकेका छैनन् ।

१ वर्षअघि उनी एमालेमा जान तम्तयार भइसकेका थिए तर असन्तुलित अभिव्यक्तिका कारण असफल भए । एमालेमा जान लामो समय रस्साकस्सी गरेका गौतम अध्यक्ष केपी ओलीले वास्ता नगर्दा रोकिएका थिए । गएको निर्वाचनमा समेत धक्का बेहोरेका गौतमले एमाले-माओवादीको एकतालाई जोड्ने दाबी गर्दै तत्कालीन नेकपा विभाजनपछि 'नेकपा एकता राष्ट्रिय अभियान' भन्दै त्यसको संयोजक बनेका थिए ।

तर, यो प्रयासमा उनी सफल हुने कुनै संकेत नै नमिलेपछि एमालेबाट छुट्टिएको माधवकुमार नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी)मा प्रवेश गर्ने निचोडमा पुगे । यसका लागि उनले वार्ता समिति पनि बनाए ।

महासचिव डी. बी. कार्कीको नेतृत्वमा ३ सदस्यीय वार्ता समिति बन्यो । समितिमा सचिव भगवती विष्ट र स्थायी कमिटी सदस्य लोकनाथ धमला छन् ।

वार्ता समितिले पार्टी एकताको सैद्धान्तिक-राजनीतिक र संगठनात्मक एकीकरणको विषय टुंग्याउने भनियो । समितिलाई निष्क्रिय बनाएर गौतमले स्वयं नेकपा एसका अध्यक्ष नेपालसँग कुरा पनि गरे । तर, अहिलेसम्म उनको प्रवेशको टुंगो लागेको छैन ।

यसरी एकपछि अर्को गर्दै धक्का बेहोरेका गौतमले एमालेको ढोका बन्द जस्तो पृष्ठ २ मा

## अस्थिर चरित्र

नेकपा एसमा प्रवेश गर्ने अन्तिम तयारी गरिरहँदा उनले एकाएक एमाले र माओवादी केन्द्रसँग एकताका लागि पनि वार्ता गर्ने निर्णयमा पुगेका छन् । त्यसका लागि पनि उनले आफ्नै नेतृत्वमा वार्ता समिति गठन गरेका छन् ।

अध्यक्ष नेपालले संगठन विभागको प्रमुख नबनाएको झोंकमा गौतमले एमाले र माओवादी केन्द्रसँग वार्ता गर्न आफ्नै नेतृत्वमा ६ सदस्यीय वार्ता समिति बनाएका उनकै अभियानमा सहभागी नेताहरू बताउँछन् ।

अभियानको शनिबार बसेको बैठकले गौतमको नेतृत्वमा उपाध्यक्षहरू महेन्द्र अर्याल, डिल्लीराज भट्टराई, महासचिव डी. बी. कार्की, सचिव भगवती विष्ट र स्थायी कमिटी सदस्य लोकनाथ धमला सदस्य रहेको समिति बनेको हो ।

'हामी ३ वटै पार्टीसँग वार्ता गर्ने छौं । एमाले, माओवादी केन्द्र र नेकपा एससँग एकताका लागि वार्ता गर्न केन्द्रीय पृष्ठ २ मा

# १ विद्यालय, १ शिक्षक, १३ विद्यार्थी

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २९ पुस ।

सुन्दा अचम्म लाग्न सक्छ, जुम्लाको एक विद्यालयका ३ वटा कक्षामा विद्यार्थीको संख्या शून्य छ । त्यसले स्पष्ट जनाउँछ कि सामुदायिक विद्यालयमा अभिभावक र विद्यार्थीको आकर्षण घट्दो क्रममा छ ।

जुम्लाको तातोपानी गाउँपालिका- ४ गिडीचौरस्थित गणेश आधारभूत विद्यालयमा ३ वटा कक्षामा विद्यार्थीको संख्या नै शून्य भएको हो । विद्यालयमा विद्यार्थी मात्र होइन, शिक्षकको संख्या झनै नाजुक छ, पृष्ठ २ मा



विद्यालयमा पठनपाठन पनि राम्रो छैन, शिक्षक पनि छैनन्, त्यही भएर अभिभावकले विद्यार्थी पठाउँदैनन् । भएका पनि सबै दलित र अतिविपन्न परिवारका हुन्

**नन्दकृष्ण चौलागाईं**
प्रधानाध्यापक

### ३ विद्यार्थीमा १ जना बाहिर

गणेश आधारभूत विद्यालयमा गत वर्ष २७ जना विद्यार्थी अध्ययनरत थिए तर यस वर्ष भने यहाँ १३ जना विद्यार्थी मात्र अध्ययनरत छन्, जसमा १ कक्षामा १० र २ कक्षामा ३ जना विद्यार्थी छन् । ती ३ जना विद्यार्थीमध्ये १ जना विद्यार्थी गाउँभन्दा बाहिर छन् । विद्यालयका प्रधानाध्यापक नन्दकृष्ण चौलागाईंले २ कक्षामा ३ जना विद्यार्थीमध्ये १ जना विद्यार्थी गाउँबाहिर रहेको बताए ।

**वैदेशिक रोजगार विशेष**

# मलेसिया गएका कामदारबीच छुरा हानाहान

**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, २९ पुस ।

करिब ३ साताअघि कीर्तिपुरमा सम्पन्न नेपाल प्रिमियर लिग (एनपीएल)को उपाधिको विषयमा भएको झगडामा वैदेशिक रोजगारीका लागि मलेसिया गएका नेपाली कामदारबीच छुरा हानाहान भएको छ ।

नेपालमा पहिलो पटक आयोजना गरिएको एनपीएल क्रिकेटमा सुदूरपश्चिम रोयल्सलाई ५ विकेटले हराउँदै जनकपुर बोल्ट्सले उपाधि जितेको थियो । विजेता टोलीले १ करोड १० लाख रुपैयाँ पुरस्कार पाएको थियो ।

सोही क्रिकेट खेलको विषयलाई लिएर २ नेपाली कामदारबीच मलेसियाको जासिनमा रहेको कुखुरा प्रशोधन कारखानाको होस्टलमा शनिबार झडप भएको थियो । झडपमा आफैं पनि घाइते भएका २३ वर्षीय नेपाली कामदारले सुतिरहेको अवस्थामा अर्को कामदारमाथि आक्रमण गरेको मलेसियाको मेलकाका प्रहरीले बताएको छ ।

आक्रमणकारी युवाले आफ्नो टोलीले खेल हारेकामा दुःखी र नतिजाबाट निराश भएको अवस्थामा आफूलाई होच्याएर जिस्क्याएका कारणले सहन नसकी आक्रमणमा उत्रिएको प्रहरीलाई बताएका छन् । आक्रमणकारीले भान्साको चक्कुले प्रहार गरेको प्रहरीले बताएको छ ।

एनपीएलको नतिजापछि उनीहरूबीच निरन्तर झगडा भइरहने गरेको होस्टलमा बस्ने अन्य नेपाली कामदारहरूले बताएका छन् । आक्रमणकारी र घाइते दुवैको नाम मलेसिया प्रहरीले सार्वजनिक गरेको छैन । तर, आक्रमणकारी कामदार विगत ४ वर्षदेखि मलेसियामा लरी चालकको काम गर्दै आएको प्रहरीले बताएको छ । प्रहरीले उनलाई सोही दिन पक्राउ गरी थुनामा राखेको बताएको छ ।

## श्रम सचिवमा कृष्णहरि पुष्कर

**काठमाडौं/मस-** कृष्णहरि पुष्कर श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सचिवमा सरुवा भएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा कार्यरत सचिव पुष्करलाई शुक्रबारको मन्त्रिपरिषद् बैठकले श्रम मन्त्रालयमा सरुवा गरेको हो ।



श्रम मन्त्रालयका सचिव मुकुन्द निरौलालाई सार्वजनिक खरिद अनुगमन कार्यालय पठाइएको छ । सचिव पुष्करले त्रिभुवन विश्वविद्यालयबाट ' द्वन्द्व, शान्ति र विकास अध्ययन' विषयमा विद्यावारिधि गरेका छन् । वैदेशिक रोजगारीमा जाने कामदार र रोजगारदाताबीच हुने द्वन्द्वबारे अध्ययन गर्दै उनले द्वन्द्व व्यवस्थापनमा कूटनीतिक नियोगहरूको भूमिकाबारे समेत विद्यावारिधिमार्फत महत्त्वपूर्ण सिफारिस गरेका छन् ।

रोजगारदाता र कामदारबीच हुने द्वन्द्वबारे गरिएको अध्ययनमा सचिव पुष्करले द्वन्द्व व्यवस्थापनमा पृष्ठ २ मा

**नेपाल वैदेशिक रोजगार व्यवसायी महिला संघको साधारणसभा सम्बन्धी सूचना**

यस नेपाल वैदेशिक रोजगार व्यवसायी महिला संघको मिति २०८१ साल साउन ४ गते बसेको कार्य समितिको बैठकको निर्णयानुसार साधारणसभा देहाय बमोजिमको विषयमा छलफल र निर्णय गर्नको लागि देहाय बमोजिमको स्थान, समय र मितिमा बस्ने भएकोले सदस्य संघ/संस्थाको तर्फबाट साधारणसभामा भाग लिन १ (एक) जना प्रतिनिधी आधिकारिक पत्रका साथ पठाई दिनुहुन जानकारी गराईन्छ ।

**कार्यक्रम मिति : २०८१ माघ १७ गते**
**समय : बिहान ११:०० बजे**
**स्थान : अनुपम फुडल्याण्ड बत्तीसपुतली, काठमाडौं**
**छलफलका विषयहरु**
१) कार्यसमितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन सम्बन्धमा ।
२) कोषाध्यक्ष ज्युद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन सम्बन्धमा ।
३) आ.ब. ०७७/७८ देखि ०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
४) आ. ब.०८१/०८२ को लेखापरीक्षक नियुक्त र पारिश्रमिक सम्बन्धमा ।
५) कार्यसमिति चयन सम्बन्धमा ।

**नोटः** साधारणसभामा भाग लिने प्रतिनिधीले संस्थाको आधिकारिक पत्र र परिचय खुल्ने कागजात अनिवार्य रुपमा साथमा लिई आउनुपर्नेछ ।

**सुनिता कर्माचार्य**
**कार्यवाहक महासचिव**

**नेपाल वैदेशिक रोजगार व्यवसायी महिला संघ**
काठमाडौं, नेपाल

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१ माघ २०८१ मंगलबार
14 January 2025, Tuesday

# कुनै दल फुटाउने र मिलाउने काम गर्दिनँ : प्रधानमन्त्री

**काठमाडौं / मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले राजनीतिक दलसम्बन्धी कानुनलाई सच्याउनुपर्ने आवश्यकता भए पनि कुनै दललाई फुटाउने र मिलाउने काम आफ्नो नभएको स्पष्ट पारेका छन् ।

नेपाल पत्रकार महासंघका नवनिर्वाचित पदाधिकारीलाई सोमबार प्रधानमन्त्री निवास, बालुवाटारमा बधाई तथा शुभकामना दिने क्रममा प्रधानमन्त्री ओलीले दल विभाजन गराउने सम्बन्धी अध्यादेश ल्याउन लाग्यो भनेर झुट र नकारात्मकता फैलाइएकामा चिन्ता व्यक्त गर्दै कुनै पनि दल मिल्ने र फुट्ने ती दलको आन्तरिक विषय भएको स्पष्ट पारे ।



उनले विगतमा आफू प्रधानमन्त्री हुँदा कुनै दल विभाजन हुने स्थिति आएमा संसदीय दल र केन्द्रीय कमिटी दुवैमा ४० प्रतिशत पुर्‍याउनुपर्ने संविधानको व्यवस्था कार्यान्वयनमा जटिलता आएकाले संसदीय दल वा केन्द्रीय कमिटीमा ४० प्रतिशतको प्रबन्ध गरेर अध्यादेश ल्याएको र विरोध आएपछि फिर्ता लिएको, तर तिनै विरोध गर्नेहरुले 'लाज शरम' पचाएर २० प्रतिशत सांसदले पनि विभाजन गर्न पाउने भन्ने व्यवस्था गरेर दल विभाजन गराएको स्मरण गराउँदै आफूमा त्यस्तो कुकर्म गर्ने मनसाय नरहेको बताए ।

प्रधानमन्त्री ओलीले देश विकास र जनताका सेवालाई ध्यानमा राखेर सरकारले राष्ट्रपतिसमक्ष विभिन्न अध्यादेश सिफारिस गरेको जनाउँदै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबाट त्यस्को विरोध भयो भन्ने झुटो वक्तव्य प्रचार गरिएका जस्ता घटनाबाट नेपाली पत्रकारिता बच्नुपर्नेमा जोड दिए । यस्ता सूचना र समाचारका कारण जनताको सूचनाको हकको घाँटी निमोठिने भएकाले लोकतन्त्रको दुरुपयोग हुन नदिन पत्रकार महासंघले पनि भूमिका निर्वाह गर्नुपर्नेमा उनले जोड दिए । जारी हुन नै बाँकी रहेको अध्यादेशलाई राति राति जारी गर्‍यो भनेर सम्प्रेषण गरिएको सुनाउँदै उनले देश र जनताका पक्षमा आफूहरुले दिन र रात नभनी काम गरेको बताए । 'हामी १०-५ को जागिर खान आएका होइनौं । देश र जनताप्रतिको जिम्मेवारी बोध गरेर दिउँसो वा राति काम हुन्छ । लुकाएर र छलछाम गरेर काम गर्ने मेरो बानी छैन । देशका हितमा खुलेआम काम गर्ने हो', प्रधानमन्त्री ओलीले प्रश्नात्मक शैलीमा भने, 'राम्रो काम राति गर्न हुन्न भन्ने छ र ? के बिहान साइत पारेर भ्रष्टाचार गरेरमा त्यो राम्रो हुन्छ र ?'

सञ्चार क्रियाकलापका नाममा कीर्ते र जाली काम रोक्ने काम गर्न सरकारले कानुन ल्याउने जानकारी दिँदै प्रधानमन्त्री ओलीले पत्रकारको पेसागत सुरक्षा हुनुपर्ने र त्यसमा राज्यले भूमिका हुने विश्वास दिलाए । सो अवसरमा महासंघकी अध्यक्ष निर्मला शर्मासहितका पदाधिकारी र सदस्यलाई प्रधानमन्त्री ओलीले बधाई दिएका थिए भने महासंघ अध्यक्ष शर्मा र महासचिव रामप्रसाद दाहालले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका विषयमा ध्यानाकर्षण पत्र हस्तान्तरण गरेका थिए । अध्यक्ष शर्माले महासंघको निर्वाचन हुन विविध कारणले ढिलाइ भए पनि यस पटक महिला अध्यक्षको इतिहास रचिएको उल्लेख गर्दै यसमा राजनीतिक दल, पत्रकारिताका संगठन र आम पत्रकारको साथ रहेको बताइन् ।

# सामाजिक संजाल नियमनसम्बन्धी विधेयकको मस्यौदा अन्तिम चरणमा



**काठमाडौं / मस–** प्रतिनिधिसभा, कानुन, न्याय तथा मानवअधिकार समितिको बैठकमा सांसदहरूले सामाजिक सञ्जाललाई व्यवस्थित गराउने विषयमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङको ध्यानार्कषण गराएका छन् ।

उनीहरूले सूचना प्रविधिको विकासले वाक स्वतन्त्रतालाई सहज बनाए पनि यसलाई मर्यादित बनाउन आवश्यक रहेकामा जोड दिए ।

सोमबार सिंहदरबारमा बसेको बैठकमा सांसदहरूको जिज्ञासामा मन्त्री गुरुङले सामाजिक सञ्जाल नियमनसम्बन्धी मस्यौदा करिब अन्तिम चरणमा पुगेको जानकारी गराएका छन् । उनले मिडिया काउन्सिलसम्बन्धी विधेयक राष्ट्रियसभाबाट पारित भई प्रतिनिधिसभामा छलफल हुने क्रममा रहेको, 'आर्टिफिसियल इन्टेलिजेन्स (एआई)' का सन्दर्भमा अवधारणा तयार हुँदै गरेको, सूचना प्रविधि र साइबर सुरक्षा विधेयक कानुन मन्त्रालयमा पुगेको बताए ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का मुख्य सचेतक एवं सांसद महेशकुमार बर्तौलाले सामाजिक सञ्जालको जथाभावी प्रयोगका कारण झुट्टा र भ्रामक सूचनाको समस्या बढ्दै गएकाले नियमन जरूरी भएको बताए । सांसद नैनकला थापाले पछिल्लो समय सूचना प्रविधि युवाको मुख्य रोजाइ बन्दै गएकाले सरकारले यसमा लगानी बढाउनुपर्ने आवश्यकता औँल्याए ।

सांसद सोविता गौतमले औषधिको विज्ञापन दिन नपाइने भनिए पनि सामाजिक सञ्जालमा जथाभावी विज्ञापन गरेर जनमानसमा गलत प्रभाव पारेका विषयमा ध्यानाकर्षण गराइन् । सांसदहरू रञ्जुकुमारी झा, नागिना यादव, पूर्णबहादुर घर्तीलगायतले प्रेस स्वतन्त्रताको संरक्षण गर्दै सामाजिक सञ्जाललाई व्यवस्थापन गर्न आवश्यक रहेको बताएका थिए । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले सामाजिक सञ्जाल नियमन गर्ने विधेयक मन्त्रिपरिषद्बाट स्वीकृत भई छलफलमा जाने प्रक्रियामा रहेको जानकारी दिइन् । 'हामीले सामाजिक सञ्जाल नियन्त्रण गर्ने नभई त्यसमा पोष्ट हुने कन्टेन्टमाथि नियमन गर्न खोजेका हौँ । विधेयक अगाडि बढ्ने प्रक्रियामा छ', उनले भनिन् ।

प्रेस काउन्सिल ऐन खारेजीका लागि सहमति

बैठकमा केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयकको दफा २१ मा रहेको प्रेस काउन्सिल ऐन, २०४८ मा संशोधन गर्न खोजिएको दफा हटाउने प्रस्तावमा सहमति जुटेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव अर्यालले समितिमा राखेको प्रस्तावमाथि सहमति जुटेको सभापति विमला सुवेदीले जानकारी दिए । समितिमा आमन्त्रित कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले मिडिया काउन्सिल विधेयक पारित हुने प्रक्रियामा रहेको भन्दै प्रेस काउन्सिल ऐन, २०४८ को औचित्य नरहेको स्पष्ट पारे ।

# सरकारले माइती नेपाललाई १ करोड सहयोग गर्ने

**काठमाडौं / मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले सामाजिक संस्था माइती नेपाललाई एक करोड सहयोग गर्ने घोषणा गरेका छन् ।

माइती नेपालको गौशालास्थित केन्द्रीय कार्यालयमा सोमबार स्थलगत अवलोकन गरी संस्थाको अक्षय कोष वृद्धि गर्न उक्त रकम दिने घोषणा गरेका हुन् । चेलिबेटी बेचबिखनविरुद्ध लामो समयदेखि कार्यरत सो संस्थाका गतिविधिबारे



संस्थापक अनुराधा कोइरालासहित पदाधिकारी, आश्रित महिला र बालबालिकासँग उनले छलफल गरेका छन् । उक्त छलफलपछि सरकारले गर्नुपर्ने काममा संस्थाले सघाइरहेकाले यसको अक्षय कोष वृद्धि गर्ने घोषणा गरेका हुन् ।

प्रधानमन्त्री ओलीले अवलोकनका क्रममा देखेका र सुनेका समस्यालाई समाधानका लागि सरकारका तर्फबाट गम्भीरतापूर्वक पहल गर्ने विश्वास दिलाए । उनले सो संस्थाको प्रशंसा गरे नागरिकको रक्षा र हेरचाहको जिम्मेवारी सरकारको भए पनि विविध सीमा र कतिपय अप्ठ्याराका कारण गर्न नसकिएका कामलाई यस्ता संस्थाले निरन्तरता दिएकामा उनले सन्तोष व्यक्त गरे । प्रधानमन्त्री ओलीले संस्थामा सञ्चालित पुनःस्थापना गृह, बाल संरक्षण गृह, एचआइभी उपचारको एआरटी केन्द्र, टेरेसा एकेडेमी स्कुललगायतको अवलोकन गरे ।

# भूमि समस्या समाधान आयोगका अध्यक्षहरू नियुक्त

**काठमाडौं / मस–** भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले ५६ जिल्लाका भूमि समस्या समाधान आयोगका अध्यक्षहरूलाई पद तथा गोपनियताको शपथग्रहण गराएका छन् । उनले आइतबार नियुक्ति गरिएका सातै प्रदेशका विभिन्न जिल्लाका आयोग अध्यक्षलाई सोमबार यहाँ आयोजित समारोहमा शपथग्रहण गराएका हुन् ।



कोशी प्रदेशका जिल्ला अध्यक्षहरूमा ताप्लेजुङमा कृष्णकुमार बस्नेत, पाँचथरमा धनकुमार फियाक, इलाममा प्रकाश अधिकारी, संखुवासभामा शंकरमान कँडेल, धनकुटामा देवमान राई, भोजपुरमा देवीराम चौलागाई, खोटाङमा निर्मल राई, सोलुखुम्बुमा नातीकाजी गुरुङ, ओखलढुंगामा पुरुषोत्तम लुइँटेल, उदयपुरमा बलबहादुर तामाङ, झापामा मदनप्रसाद अधिकारी, मोरङमा नवीन पौडेल, सुनसरीमा इन्द्रप्रसाद पोखरेल रहेका छन् ।

मधेश प्रदेशका जिल्ला अध्यक्षहरूमा सिराहामा रामअधिन यादव, धनुषामा सुरेशकुमार कोइराला, महोत्तरीमा पीताम्बर महत्तो, सर्लाहीमा मदनबहादुर विश्वकर्मा, बारामा भरतबहादुर घले र पर्सामा तबरेज अहमद रहेका छन् ।

यसै गरी, बागमती प्रदेशको दोलखामा राकेश श्रेष्ठ, रामेछापमा गौतमकुमार लामा, सिन्धुलीमा कौशल कोइराला, काभ्रेपलाञ्चोकमा विदुरप्रसाद हुमागाई, सिन्धुपाल्चोकमा ज्ञानेन्द्रबहादुर राउत, रसुवामा जनकराज उपाध्याय, नुवाकोटमा अर्जुनप्रसाद न्यौपाने, धादिङमा हरिप्रसाद पन्त, चितवनमा इमानसिंह मुक्तान, मकवानपुरमा बलराम लामा, भक्तपुरमा दीपक विसुङ्के, ललितपुरमा गणेशकुमार आचार्य र काठमाडौंमा कृष्णजी खड्का छन् ।

गण्डकी प्रदेशमा गोरर्खामा राजनराज पन्त, लमजुङमा दामोदर अधिकारी, तनहुँमा गोविन्दराज सिलवाल, कास्की बैनबहादुर गुरुङ, मनाङमा साङ्दो लामा, मुस्ताङमा विशन पुर्जा, पर्वतमा देवेन्द्रराज पाण्डे, म्याग्दीमा खड्क गिरी, बागलुङमा भीमप्रसाद शेरचन र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा तारापति खरेल रहेका छन् ।

त्यस्तै, लुम्बिनी प्रदेशका जिल्ला अध्यक्षमा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा लालबहादुर गुरुङ, रुपन्देहीमा कुमार थापामगर, कपिलवस्तुमा झविलाल पोखेल, पाल्पामा रामबहादुर कार्की क्षेत्री, अर्घाखाँचीमा यादवप्रसाद घिमिरे, गुल्मीमा कृष्ण सुनार, रुकुमपूर्वमा हरिहर पौडेल, रोल्पामा सिमबहादुर विष्ट, प्युठानमा सुवास केसी, दाङमा हुकुमबहादुर बस्नेत, बाँके घननाथ खनाल र बर्दियामा अरुणप्रकाशसिंह राठोर रहेका छन् ।

कर्णाली प्रदेशका रुकुम पश्चिममा शशीराम नेपाली, सल्यानमा वीरबहादुर सेजवाल, डोल्पामा तुलचन्द्र बुढा, मुगुमा रामबहादुर रावत, हुल्लामा नरबहादुर रोकाया, कालीकोट विष्णुबहादुर शाही, जाजरकोटमा सर्पराज रावत, दैलेखमा बरुनाथ योगी र सुर्खेतमा केशरबहादुर ओली अध्यक्ष रहेका छन् । सुदूरपश्चिम प्रदेशका जिल्ला अध्यक्षमा बाजुरामा जनकबहादुर रोकाया, डोटीमा डम्बरबहादुर ओली, अछाममा राम आउजी, दार्चुलामा लालसिंह धामी, बैतडीमा रमेशदत्त पाण्डेय,डडेलधुरामा कैलाशकुमार पाण्डेय र कैलालीमा यज्ञराज उपाध्याय रहेका छन् ।

## भूमिहीनमाथि...

अध्यादेश जारी गरेको छ भने भूमिसम्बन्धी अध्यादेश रोकेका छन् ।

राष्ट्रपति कार्यालयका अनुसार संवेदनशील विषय भएकाले तत्कालका लागि अध्यादेश जारी नगरिएको हो । राष्ट्रपति कार्यालयकी प्रवक्ता शैलजा रेग्मी भट्टराई भूमिसम्बन्धी अध्यादेश अध्ययनकै क्रममा रहेको बताउँछिन् ।

उनी भन्छिन्, 'भूमिसम्बन्धी अध्यादेश जारी भएको छैन । यो अध्यादेश अध्ययनकै क्रममा छ ।'

तर, सरकारले सिफारिस गरेका भूमिसम्बन्धी बाहेकका अध्यादेश जारी भएका छन् । सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१, नेपाल कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन अध्यादेश, २०८१, निजीकरण पहिलो संशोधन अध्यादेश, २०८१, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ जारी भएको राष्ट्रपति कार्यालयकी प्रवक्ता भट्टराईले जानकारी दिइन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार हालको घर जग्गा व्यवसाय गर्न हदबन्दीमा छुट दिइएको तर हदबन्दी बढीको जग्गा विक्री गर्न रोक लगाउने कानुनमा परिवर्तन गर्न खोजिएको छ । घर जग्गा व्यवसायीले हदबन्दीभन्दा बढीको जग्गा स्वीकृति लिई तोकिएको अवधिभित्र विकसित गरी घर घडेरी विक्री गर्न पाउने र सार्वजनिक प्रयोजनका लागि छुटचाइएको जग्गालाई धितो बन्धक राख्न, विक्री गर्न नपाउने व्यवस्था अध्यादेशमा गरिएको छ ।

सुरु नापी हुँदाका बखत गौचर, हाट, घाट, बजार वा वन क्षेत्र या बुटचानले ढाकिएको भनिएको तर त्यस्तो जग्गामा घर टहरा बनाई लामो समयदेखि बसोबास गरेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई निःशुल्क र अव्यवस्थित बसोबासीलाई तोकिएको दस्तुर लिई जग्गाको स्वामित्व उपलब्ध गराउने व्यवस्था अध्यादेशमा गरिएको छ ।

## अलपत्र...

बन्न पुगेपछि नेकपा एसमै जाने निर्णय गरेका बताइन्छ । नेकपा एसमा लैजान पनि अभ्यक्ष नेपालले खास चासो नदेखाएको भन्दै बिच्किएका उनले केही दिन पहिले मात्र पनि एकता नहुने संकेत गरिरहेका थिए ।

उनीसँगै अभियानमा जोडिएका धेरै नेता, कार्यकर्ताहरू एमाले र नेकपा एसमा समाहित भइसकेपछि एक्लो बनेका उनले के गर्लान् भन्ने चासो थियो । तर, उनले छिनछिनमै धारणा बनाउने र जता जसले पहिले बोलाउँछ, त्यतै जाने भनिरहेका थिए । यस कारण पनि उनीमाथि राजनीतिक विश्वास कम हुँदै गएको स्थिति बनेको छ ।

गौतम नेपालमा एउटै कम्युनिस्ट पार्टी निर्माण गर्नुपर्छ भन्ने अभियानमा छन् । केही समय पहिले मात्र पनि उनले वामपन्थी एकता गराएरै छाड्ने दाबी गरेका थिए । उनले आफू ज्यूँदो रहेसम्म कम्युनिस्ट एकता गराएरै छाड्ने दाबी पनि गरिरहेका छन् ।

एउटै कम्युनिस्ट पार्टी निर्माण अभियानमा जुट्नुपर्ने दाबी गर्ने वामदेवले पुष्पलालदेखि विभिन्न नेताहरूको नाम लिँदै एकताको सपना देखिरहेका छन् ।

एकताको बहस गरिरहेका गौतममा राजनीतिक वितृष्णा पनि देखिन्छ । एमालेमा जान चाहेर पनि जान नपाएपछि उनले ७५ प्रतिशत एमाले आफूले निर्माण गरेको दाबी गरिरहेका छन् ।अस्थिर र चञ्चल मन बनाएर बसेका उनले पछिल्लो समय २ चरणको वार्तापछि नेकपा एसमा जाने बाटोलाई भने राजनीतिक ढंगले 'डिल' गर्न खोजेका देखिन्छ ।

नेकपा एससँग एकता वार्ताले सकारात्मक रूप लिँदै गएपछि उनी पार्टीमा तेस्रो तहको नेताको रूपमा रहने सम्भावना छ किनभने गौतमले मागेअनुसार अध्यक्ष नेपालले उनलाई संगठन विभागको प्रमुख नबाउने संकेत दिइसकेका छन् । यद्यपि, अस्थिर र चञ्चल स्वभावका वामदेवले अहिले नै एकताको ढोकालाई राम्ररी आत्मसात् गर्लान् भन्नेमा संशय पनि देखिन्छ ।

## अस्थिर...

कमिटी बैठकले वार्ता कमिटी गठन गरेको छ', गौतमको भनाइ छ । उनले आवश्यकताअनुसार वार्ता समितिले ३ वटै पार्टीसँग औपचारिक वार्ता गर्दै जाने बताए । 'यसअघि हामीले अनौपचारिक ढंगले विभिन्न पार्टीसँग वार्ता गरेका थियौं, अब औपचारिक वार्ता हुन्छ', उनले थपे ।

नेकपा एससँग सकारात्मक रूपमा बढेको वार्ताको बीचमै उनले एमाले र माओवादीसँग पनि वार्ता समिति बनाएपछि नेपालको पार्टीमा प्रवेश गर्ने उनको प्रवेश फेरि अनिश्चित बनेको छ । उनले फेरि ३ वटै पार्टीसँग एकता गर्न वार्ता समिति बनाएपछि नेकपा एससँग तत्काल एकता नहुने देखिएको छ । गौतमले एकीकृत समाजवादीसँग तत्काल पार्टी एकता गर्ने भनेर आफूहरूले नभनेको दाबी गर्छन् ।

'हामीले एकीकृत समाजवादीसँग तत्काल एकता गर्छौं भनेका थिएनौं । बैठक बसेर निर्णय गर्छौं भनेका थियौं', गौतमले भने, 'अब बैठकको निर्णय र आवश्यकताअनुसार अघि बढ्छौं ।'

यसअघि २०८० असारमा गौतम एमालेमै समाहित हुन तयार भइसकेका थिए । त्यतिबेला गौतमले एमालेमा समाहित हुन अध्यक्ष ओलीपछिको दोस्रो वरीयता मागेका थिए ।

एमाले आफूले निर्माण गरेको पार्टी रहेको भन्दै गौतमले एमालेप्रति माया लागेको र केही दिनभित्र पार्टी सदस्यता नवीकरण गर्नेसमेत बताएका थिए । 'उमेर हद हटाइएको अवस्थामा हामी एमालेमा जान्छौं, म मेरा साथीहरूसहित एमालेमै फर्किन्छु । मेरो पनि सदस्यता नवीकरण गर्न म श्रीमती (तुलसा थापा)लाई पठाउँछु, सदस्यता नवीकरण गर्छु । तर, एमाले अध्यक्ष ओलीले मेरै लागि उमेर हद हटाएको घोषणा गर्नुपर्छ', उनले भनेका थिए ।

गौतमको अभिव्यक्तिप्रति अध्यक्ष ओलीले उनको सदस्यता एमालेमै सुरक्षित रहेको व्यंग्य गरेका थिए । एमाले फर्किने गौतमको अभिव्यक्तिसँगै उनको विगतको अस्थिर र अवसरवादी चरित्र पुनः उजागर भएको आलोचकहरू बताउँछन् ।

## १ विद्यालय...

जहाँ विद्यालयका प्रधानाध्यापकबाहेक अरू शिक्षक नै छैनन् ।

उक्त गाउँमा करिब १५० घरधुरी छन् तर घरधुरीको संख्या १५० भए पनि सामुदायिक विद्यालयमा भने विद्यार्थीको संख्या निरन्तर ओरालोमा छ । बढ्दो बसाइँसराइ र निजी विद्यालयतर्फको आकर्षणका कारण उक्त (गणेश आधारभूत विद्यालय)मा जम्मा १३ जना विद्यार्थी अध्ययनरत छन् ।

शैक्षिक सत्रमा विद्यार्थी बढाउन शिक्षक, व्यवस्थापन समितिले अभियान संचालन गरे पनि सोचेअनुसार विद्यार्थी आउन सकेनन् बरु त्यही विद्यालयमै अध्ययनरत विद्यार्थी निजी विद्यालयमा पढ्न गए ।

**सरकारीभन्दा निजी विद्यालयप्रति मोह**

शहरका विद्यालयमा मात्र होइन, गाउँमा पनि अभिभावक र विद्यार्थी सरकारीभन्दा निजी विद्यालयमा बढी आकर्षित देखिन्छन् । उक्त गाउँमा सरकारीभन्दा निजी विद्यालयमा विद्यार्थीहरू बढी अध्ययनरत छन् ।

गाउँमा पढ्ने विद्यार्थी भए पनि अधिकांश विद्यार्थीहरू निजी विद्यालयमा अध्ययनरत रहेका प्रअ चौलागाईंले जानकारी दिए । उनले हरेक वर्षको भर्ना अभियानमा शिक्षकहरू अभिभावकको घरदैलोमा पुगे पनि अभिभावकले विद्यार्थी नपठाउने गरेका गुनासो गरे ।

'गाउँमा विद्यार्थी छन्, हामी भर्ना अभियानमा गाउँगाउँ जान्छौं तर अभिभावकले बोर्डिङ स्कुलमा विद्यार्थी पठाउँछन्', उनले थपे, 'गाउँमा एउटा बोर्डिङ स्कुल छ । यहाँका विद्यार्थी पनि त्यही विद्यालयमा अध्ययनरत छन् ।'

उनका अनुसार अहिले उक्त बोर्डिङ स्कुलमा करिब १०० भन्दा बढी विद्यार्थी अध्ययनरत छन् । 'साना बच्चा दिदी-दाइसँगै माध्यमिक विद्यालयमा जान्छन्', उनले भने, 'नजिकै निजी विद्यालय पनि छ । कतिपय अभिभावकले सदरमुकाम खलंगामा खोलिएका निजी विद्यालयमा छोरा-छोरीलाई पठाउँछन् ।'

प्रधानाध्यापक चौलागाईं नजिकै माध्यमिक विद्यालय र बोर्डिङ स्कुल भएकाले विद्यार्थी रोक्न नसकिएको बताउँछन् ।

**शिक्षक पनि १ जना मात्र**

२०४९ सालमा स्थापना भएको उक्त विद्यालयमा भौतिक संरचनाको अवस्था राम्रो छ । घेराबारा सबै गरिएको छ । खानेपानी र शौचालयको सुविधा पनि राम्रै छ तर विद्यालयमा १ जना स्थायी शिक्षक छन् । उनी विद्यालयका प्रधानाध्यापक हुन् ।

यस्तै, कार्यालयमा १ जना कार्यालय सहयोगी पनि छन् । प्रअ चौलागाईं काम पर्दा विद्यालयमा नआएको दिन उनैले विद्यालय खोल्ने र विद्यार्थीलाई सामान्य लेखपढ सिकाउने गर्छन् । विद्यार्थी नभएको भन्दै गाउँपालिकाले २ शिक्षकलाई विद्यार्थी चाप भएको अर्कै विद्यालयमा पठाइसकेको छ ।

**१२ जना विद्यार्थीमा दलित र विपन्न**

विद्यालयमा अध्ययनरत विद्यार्थीहरू सबै गरिब तथा दलित परिवारका मात्र छन् । प्रअ चौलागाईंले दलित र गरिब परिवारका मात्र विद्यार्थी रहेको बताए ।

'विद्यालयमा पठनपाठन पनि राम्रो छैन, शिक्षक पनि छैनन्, त्यही भएर अभिभावकले विद्यार्थी पठाउँदैनन्', उनले भने, 'भएका पनि सबै दलित र अतिविपन्न परिवारका हुन् ।' विद्यार्थीको संख्या घटेपछि विद्यालयको अस्तित्व नै धरापमा परेको प्रअ चौलागाईं बताउँछन् ।

## श्रम...

कूटनीतिक नियोगहरूको भूमिकाबारे समेत गहन रूपमा उल्लेख गरेका छन् । विगतमा वैदेशिक रोजगार विभागको महानिर्देशकसमेत भएका सचिव पुष्करले जी टु जी सम्झौताबाट दक्षिण कोरिया जाने कामदार र म्यानपावर कम्पनीबाट कतारलगायतका मुलुकमा गई कार्यरत कामदारहरूबीचको द्वन्द्वबारे अध्ययन केन्द्रित गरेका थिए ।

विदेशस्थित नेपाली दूतावासहरूबाट अपेक्षित सहयोग पुग्न नसकेको उल्लेख गर्दै वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूले क्षमता वृद्धि गर्नुपर्ने उनको निष्कर्ष थियो ।

**साउदीमा रोजगार**

कम्पनी: Nesma Infrastructure and Technology Company is Joint Stock Company — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०९/२९ — चलानी नं.: ६०२३१३१४ — LT. No.: 317117

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 24 | 0 | स. काममा दक्ष | 1000 | ३६,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: NESMA INFRASTRUCTURE AND TECHNOLOGY COMPANY IS JOINT STOCK COMPANY — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०९/२९ — चलानी नं.: ६०२३१३१५ — LT. No.: 317118

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 35 | 0 | स. काममा दक्ष | 1000 | ३६,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: NESMA INFRASTRUCTURE AND TECHNOLOGY COMPANY IS JOINT STOCK COMPANY — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०९/२९ — चलानी नं.: ६०२३१३१६ — LT. No.: 317119

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office and Facilities Cleaning Worker | 5 | 0 | | 1000 | ३६,५६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ८ गते (21 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

H.R. International Employment Services Pvt. Ltd.
Gov. Lic No. 247/058/059
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 9868005965/9808018084.
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



### चीन भ्रमणबारे परराष्ट्रमन्त्रीको ब्रिफिङ

# प्रधानमन्त्रीले नै स्पष्ट गर्नुपर्ने माग

**काठमाडौं/मस-** परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले प्रधानमन्त्री केपी शर्मा ओलीको चीन र संयुक्त राष्ट्रसंघको भ्रमणबारे संसद्को अन्तर ाष्ट्रिय सम्बन्ध समितिको बैठकमा जानकारी गराएकी छन् ।

समितिको सोमवार बसेको बैठकमा मन्त्री राणाले प्रधानमन्त्री ओलीले हालै गरेको चीन र संयुक्त राष्ट्रसंघको भ्रमणबारे जानकारी गराएकी हुन् ।

प्रधानमन्त्री ओलीबाट संयुक्त राष्ट्र संघको ७९ औं महासभामा भएको सहभागिताले नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढ बनाउन र विश्व मञ्चमा नेपालको उपस्थिति मजबुत बनाउन महत्वपूर्ण योगदान गरेको बताइन् ।

यस्तै, मन्त्री राणाले प्रधानमन्त्री ओलीको मंसिर १७ गतेदेखि २० गतेसम्म भएको चीन भ्रमण पनि उपलब्धिमूलक रहेको पनि बताइन् ।

मन्त्री राणाले प्रधानमन्त्री ओलीको चीन भ्रमणका क्रममा भएको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) सम्झौतामा ऋण भन्ने शब्द नै नरहेको बताइन् । 'बीआरआईमा हस्ताक्षर गर्ने



बित्तिकै ऋण लिनै पर्छ भन्ने बाध्यात्मक अवस्था छैन', उनले भनिन् ।

कांग्रेसकै सांसदहरूले बीआरआईमा ऋण लिने गरी हस्ताक्षर गरिएको भन्दै संसदीय समितिमा प्रश्न उठाएका थिए ।

जवाफमा परराष्ट्र मन्त्री राणाले हजारौं पटक अध्ययन गरेर बीआरआई सम्झौता गरिएको बताइन् । 'बीआरआईको कुरा २० हजार जति पटक अध्ययन गरेर परिवर्तन गरिएको डकुमेन्ट हो । पहिलाको डकुमेन्ट भन्दा धेरै नै परिमार्जित हो । यसमा ऋण भन्ने शब्द डकुमेन्टमा तपाईंहरूले जसरी पढ्दा पनि छैन,' राणाले भनिन्, 'ग्रान्ट र एड भन्ने छ । ग्रान्ट र एड शब्द मैले बुझेको अंग्रेजी र गुगल सर्च गर्दा पनि फरक छैन ।'

बीआरआईबारे थप बुझ्नुपर्ने भए सांसदहरूलाई मन्त्रालयमा नै बोलाएर स्पष्ट पार्न तयार रहेको पनि मन्त्री राणाले बताइन् । परराष्ट्र मन्त्रालयका अधिकारी, कानुन विज्ञ र अन्तर्राष्ट्रिय स्तरमा बीआरआईलगायतका विषयमा विज्ञहरूबाट व्याख्या गराउन स्पष्ट पारिएको मन्त्री राणाले बताइन् ।

'बीआरआईमा हस्ताक्षर गर्ने बित्तिकै ऋण लिनै पर्छ भन्ने हैन । ऋण भन्ने कुरा माग्नेले मानेपछि दिनेले दिने हो । ऋणका सर्त दुवैको सहमति नभई हुँदैन', उनले भनिन् ।

बैठकामा कांग्रेसका सांसद विमलेन्द्र निधिले प्रधानमन्त्री ओलीलाई संसदीय समितिमा बोलाएर चीन भ्रमणका क्रममा भएका बीआरआई सम्झौताबारे स्पष्ट पार्न माग गरे ।

बैठकमा मन्त्री राणाले प्रधानमन्त्रीको चीन भ्रमणबारे जानकारी गराएपछि सांसद निधिले प्रधानमन्त्री आफै आएर संसदीय समितिलाई जानकारी गराउनुपर्ने माग गरे ।

उनले प्रधानमन्त्री ओलीको चीन भ्रमणका क्रममा सत्तारुढ कांग्रेस र एमालेबीच बीआरआईअन्तरगत ऋण नलिने भन्ने सम्झौता भएको तर त्यसो हुन नसकेको भन्दै यसबारे प्रधानमन्त्री समितिमा आएर स्पष्ट पार्नुपर्ने आग्रह गरे ।

'प्रधानमन्त्री ओलीको चीन भ्रमणका बेला बीआरआईमा विभिन्न सम्झौता भएका छन् । सूची आएको छ । सम्झौताहरू प्रधानमन्त्रीकै अग्रसरतामा भएको भन्ने खबर पनि आएको छ । तर, आधिकारिक रूपमा दस्तावेज आएको छैन । त्यो सम्झौताको दस्तावेज समितिमार्फत् हामीलाई उपलब्ध गराइयोस्,' उनले भने ।

प्रधानमन्त्री ओलीको चीन भ्रमणका क्रममा नेपाल र चीनबीच ९ वटा सम्झौता र समझदारी भएको थियो ।

## राष्ट्रपतिले गरे निर्माणाधीन संसद् भवन अवलोकन

**काठमाडौं/मस-** राष्ट्रपति रामचन्द्र पौडेलले निर्माणाधीन संघीय संसद भवनको अवलोकन गरेका छन् । सिंहदरबार परिसरभित्र निर्माणाधीन भवनको सोमबार राष्ट्रपति पौडेलले अवलोकन गरेका हुन् । सो क्रममा सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायण दाहालको उपस्थित रहेको थियो ।



राष्ट्रपति पौडेललाई अवलोकनका क्रममा सहरी विकास मन्त्रालयका सचिव गोपाल सिग्देलले सो भवन निर्माणमा भइरहेको प्रगतिबारे जानकारी गराएका थिए । सो क्रममा पौडेलले भवनसम्वनधी विभिन्न जिज्ञासा राख्दै सम्बद्ध पक्षलाई यथाशक्य चाँडो सक्न निर्देशन पनि दिए ।

संघीय संसदका दुवै सदन प्रतिनिधिसभा र राष्ट्रिय सभा, संसदीय समितिहरू, संसदीय दलका कार्यालयसमेत रहने गरी १२ वटा ब्लक सहितको भव्य संरचना निर्माण गरिएको छ । १ सय ७३ रोपनी क्षेत्रमा फैलिएको परिसरको ४५ प्रतिशत भूभागमा प्रतिनिधिसभा र राष्ट्रियसभा रहनेछ । संघीय संसद भवन नहुँदा २०६४ पछि सरकारले नयाँ बानेश्वरको अन्तर ाष्ट्रिय सम्मेलन केन्द्रलाई भाडामा लिएर संसद भवनको रूपमा प्रयोग गर्दै आएको छ ।

## प्रचण्डमा अहिले पनि सत्ता गुमाउँदाको छटपटी छ : महासचिव पोखरेल

**दाङ/मस-** एमालेका महासचिव शंकर पोखरेलले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'मा अहिले पनि सत्ता गुमाउँदाको छटपटी रहेको टिप्पणी गरेका छन् ।

दाङमा सोमवार आयोजित कार्यक्रममा महासचिव पोखरेलले सत्ता गुमाउँदाको छटपटीमा परेर प्रचण्डले पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध बोलिरहेको आरोप लगाए ।

'आज जसरी केपी ओलीविरुद्ध प्रचण्ड बोलिराखेका छन्, केपी ओलीले साथ दिँदाखेरी तिनको त्यो बोली कहाँ हराएको थियो ? प्रश्न त यसरी गर्नु पर्थ्यो नि जनताले,' उनले भने ।

राप्रपाका राजेन्द्र लिङ्देनलाई चुनाव जित्न एमालेले साथ दिएको र अहिले लिङ्देन नै



एमालेको विरुद्ध लागेको उनको भनाइ छ ।

'आज राष्ट्रिय स्वतन्त्र पार्टीका नेता, कार्यकर्ताको समग्र प्रहार केपी ओलीमाथि छ, एमालेमाथि छ । हिजो रवि लामिछानेलाई गृहमन्त्री हुनुपर्दा माग्ने ठाउँ एमाले थियो, केपी ओली हुनुहुन्थ्यो । आज केपी ओलीका विरुद्धमा प्रहार । अर्को त्यही राजेन्द्र लिङ्देनलाई चुनाव जित्न केपी ओलीको र एमालेको सहयोग चाहिने । आज प्रहारको निसाना एमाले पार्टी, केपी ओली । आज उनीहरू जे भन्दैछन्, त्यही सत्य हो भने त्यो बेला सहयोग किन मागेको' प्रश्न गर्दै उनले भने ।

सरकार र एमालेविरुद्ध लगाइएको सबै आरोप भ्रमपूर्ण र आरोपका लागि आरोपमात्रै रहेको उनको भनाइ छ ।

पोखरेलले पार्टीले गरेको काम जनतामा पुऱ्याउन नसकेर स्थानीय तह चुनाव हार्नु परेको पनि बताए । नेपाली कांग्रेसले राप्ती नदी र बबई नदीको पुल भजाएर तीन/चार पटक चुनाव जितेको दाबी गरे । तर, २०७४ पछि एमालेको पहलमा बनेको १ दर्जनभन्दा बढी पुलको बारेमा एमालेले जनतामाझ भन्न नसकेको र जस लिन नसकिएको उनको गुनासो छ ।

## सरकारी लापरवाहीले दुम्कीबासको पुल भाँचिएको दाबी



**काठमाडौं/मस-** नेपाल ट्रक यातायात व्यवसायी महासंघले सम्बन्धित निकायले भार मापनमा लापरवाही गर्दा बुटवल-नारायणगढ खण्डको दुम्कीबासमा पुल भाँचिएको आरोप लगाएको छ ।

सोमबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै महासंघले अत्याधिक भारवाहन गरि भारतीय ट्रक सञ्चालन हुँदा दुम्कीबासमा रहेको बिनय खोलाको पुल भाचिएको भन्दै भार मापनमा लापरवाही गर्ने निकायलाई कारबाही गर्न समेत माग गरेको छ ।

भारवहन नियमन सम्वन्धि कार्यविधि २०७१ (संशोधन २०७४) लागू गरेको अवस्थामा तौलपुलले जारी गरेको प्रमाणित कागजात लिएर हिड्नुपर्ने व्यवस्थालाई भारतीय ट्रकले उल्लंघन गरेको महासंघको भनाइ छ । महासंघले भारतीय मालबाहक सवारी साधनको निर्वाध आवागमनमा रोक लगाई ७२ घण्टे प्रवेश पास खारेज गर्न माग गरेको छ ।

त्यस्तै, मालवाहक सवारी साधन भारवहन नियमन सम्बन्धी कार्यविधि २०७४ लाई कडाईका साथ कार्यान्वयन गर्नुपर्ने महासंघका महासचिव राजेन्द्र विक्रम बानियाले बताए ।

त्यस्तै नेपाल प्रवेश गर्ने भारतीय सवारी साधनलाई भन्सार बिन्दुमा नै नेपालको कानूनले तोकेको भारवहन भन्दा बढी माल बस्तुको जाँच पास गर्ने अधिकारीलाई जिम्मेवार बनाइनुपपर्ने महासंघले जनाएको छ । त्यस्तै नेपालका जिर्ण पूल र जोखिमयुक्त सडकहरुमा स्पष्ट देखिने गरि सडकको क्षमता र चिन्ह राख्नुपर्ने सुझाव दिएको छ ।

२६ पुसमा भारतीय नम्बर प्लेटको ट्रक पास हुने क्रममा विनय खोलाको पुल भाँचिएको थियो । पुल भाँचिएपछि अस्थायी बाटो बनाएर आवतजावत गराइएको छ ।

## बिरामीको रिफरमा अस्पताललाई जिम्मेवार बनाउने गरी निर्देशिका जारी



**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आकस्मिक तथा भर्ना भएका बिरामी रिफर गर्दा पहिलो स्वास्थ्य संस्थालाई जिम्मेवार बनाउने गरी बिरामी प्रेषण निर्देशिका जारी गरेको छ ।

अब अर्कोमा भर्ना नभएसम्म समन्वयको काम पहिलोपटक बिरामी पुगेको अस्पतालको जिम्मेवारी रहनेछ । विभिन्न किसिमका बिरामीको रिफरका लागि मापदण्ड भए पनि समग्र अस्पतालको रिफरल प्रणालीलाई समेट्ने गरी मन्त्रालयले एकीकृत निर्देशिका जारी गरेको प्रवक्ता प्रकाश बुढाथोकीले बताए ।

निर्देशिकाले आकस्मिक तथा भर्ना भएका बिरामीको उपचार सम्भव नभएमा अर्को अस्पतालमा नपुर्याउँदासम्मको जिम्मेवारी प्रथम अस्पतालको हुने निश्चित गरेको छ । जसअनुसार प्रथम विन्दुको अस्पतालले त्यहाँ सम्भव नभएको उपचारका लागि मात्र नजिकको अस्पतालमा रिफर गर्नुपर्नेछ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले गत साउन २७ गते आफ्नो योजना तथा प्राथमिकता सार्वजनिक गर्दा कुनै पनि स्वास्थ्य केन्द्रको आकस्मिक कक्षमा बिना कुनै सोधखोज अनिवार्य जीवन रक्षाको उपचार तत्काल सुरू गर्नैपर्ने र सम्भव नभएका उपचार निकटतम केन्द्रमा सेवाको सुनिश्चितता गरी सुरक्षित रिफरको दायित्व सम्बन्धित केन्द्रको हुने व्यवस्था मिलाउने घोषणा गरेका थिए । सोही बुँदालाई आधार मानेर निर्देशिका जारी भएको मन्त्री पौडेलको सचिवालयले जनाएको छ । मन्त्री पौडेलले बिरामीको जीवनरक्षा र अस्पतालहरूमा चाप व्यवस्थापन यसको उद्देश्य रहेको बताए ।

## नयाँ पाइपलाइनको परीक्षण

**काठमाडौं/मस-** काठमाडौं उपत्यकामा खानेपानी वितरणका लागि बिछ्याइएका नयाँ पाइपलाइनको परीक्षण पूरा भएको छ । मेलम्चीको पानी पुनः वितरण सुरु भएसँगै आयोजना कार्यान्वयन निर्देशनालय (पीआईडी)ले पाइपलाइनको परीक्षण सुरु गरेको थियो ।



मेलम्ची उपआयोजना-२ अन्तर्गत विच्छ्याइएका कूल ३३ वटा खानेपानी वितरण सञ्जालका नौ सय ८० किलोमिटर पाइपलाइनको परीक्षण सम्पन्न भएको निर्देशनालयका प्रमुख टीकाबहादुर चौधरीले जानकारी दिए । परीक्षण सम्पन्न भएका थप ३३ मध्ये १४ वटा खानेपानी वितरण सञ्जालको स्वामित्व काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई स्वामित्व हस्तान्तरण भइसकेकामा अब बाँकी १९ वटाको हस्तान्तरण प्रक्रिया अगाडि बढाइएको निर्देशनालयकाका उप-निर्देशक चन्द्रकुमारपाँ श्रेष्ठले बताए ।

उनले भने, 'कूल ३३ वटा खानेपानी वितरण सञ्जालमा यसअघि पहिलो चरणमा चार र दोस्रो चरणमा दस गरी १४ वटा खानेपानी वितरण सञ्जालका तीनसय ५० किलोमिटर पाइलाइनको परीक्षण गरी बोर्डलाई हस्तान्तरण भइसकेको छ । तेस्रो चरणका बाँकी १९ वटा हस्तान्तरण प्रक्रिया अगाडि बढेको छ ।'

खानेपानी वितरण सञ्जालका प्राइमरी पाइपलाइन, ३३ वटा खानेपानी वितरण सञ्जालमा कूल एक हजार दस किलोमिटर पाइपलाइन रहेको जनाइएको छ । सञ्जालबाट खानेपानी वितरण हुँदै आएका पाइपलाइनमा हालसम्म ६० हजार आठसय ३१ वटा नयाँ मिटर समेत जडान गरिसकिएको जनाइएको छ ।

## निजी आवास पुनर्निर्माणका लागि २ माघदेखि लाभग्राहीसँग सम्झौता गरिने

**काठमाडौं/मस-** यस वर्षको मनसुनका कारण आएको बाढी र पहिरोले ३८१ सडक, पुल र अन्य पूर्वाधारमा क्षति पुगेको छ ।

सोमबार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पत्रकार सम्मेलन गरी सातै प्रदेशमा साना-ठूला गरी पुगेको क्षतिबारे जानकारी दिएको हो । प्राधिकरणका सहसचिव डा.भीष्मकुमार भुसालले बाढीले सबैभन्दा धेरै वागमती प्रदेशमा क्षति पुऱ्याएको बताए । उनका अनुसार १७४ सरकारी भवन र ऊर्जा तथा जलस्रोतका २,०१९ आयोजनाको पुन:निर्माण आवश्यक देखिएको छ ।

विपद् न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को १६ औँ बैठकले सातै प्रदेशमा क्षतिग्रस्त संरचनाको पुन:निर्माणका लागि इन्जिनियरहरू खटाउने निर्णय पनि गरेको छ ।



प्राधिकरणका अनुसार पुन:निर्माणका लागि कार्यविधि स्वीकृत भइसकेको छ । निजी आवास पुन:निर्माणका लागि आवश्यक प्रक्रिया २ माघदेखि लाभग्राहीसँग सम्झौता गरी थालिनेछ ।

बैठकले पोष्ट डिजास्टर रिकभरी योजनापनि पारित गरेको छ । यो योजनामा पोषण, स्वास्थ्य, शिक्षा, र स्वच्छता जस्ता विषयलाई समेटेर विपद्पछि पुन:स्थापनाको कार्यलाई प्राथमिकता दिनेछ ।

सहसचिव भुसालले विपद्का समयमा सूचना तथा सञ्चार व्यवस्थापन कमजोर हुँदा क्षति थपिएको स्वीकार्दै यसलाई सुधार्न सूचना तथा सञ्चार योजना कार्यान्वयन गरिने बताए । सरकारले विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड पनि जारी गरेको छ ।

जसमा विस्तृत आंकलन (डिडिए) हुन बाँकी छ । ती क्षेत्रमा सोही दिनदेखि प्रक्रिया अघि बढाइनेछ । पुन:निर्माणका लागि सडक, यातायात, सरकारी भवन, शहरी पूर्वाधार, विद्युत्, वैकल्पिक ऊर्जा, सिँचाइ, स्वास्थ्य संरचना र पुरातात्विक संरचनालाई प्राथमिकतामा राखिएको छ ।

## बुहारी हत्या गरी फरार सासु ४ वर्षपछि पक्राउ

**काठमाडौं/मस-** रौतहट प्रहरीले बुहारीको हत्या गरी फरार भएकी सासुलाई चार वर्षपछि पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यलय रौतहट तथा मातहतबाट खटिएको प्रहरी गस्ती टोलीले ६२ वर्षीय सायरा खातुनलाई पक्राउ गरेको हो ।

चार वर्षअघि आफ्नै बुहारीको हत्या गरी फरार भएकी खातुनलाई पुस २६ गते गढीमाई नगरपालिका-२ समनपुरबाट पक्राउ गरेको रौतहट प्रहरी निरीक्षक उमाशंकर प्रसादले बताए । उनका अनुसार खातुनले २०७७ साल जेठ ८ गते आफ्नै छोरा मो.इन्ताज चुडिहारकी २२ वर्षीय श्रीमती निसनारा खातुनलाई हत्या गरेकी थिइन् । घटनापश्चात् उनी फरार भएकाले प्रहरीले खोजी गरिराखेको उनले उल्लेख गरेका छन् ।



अन्ततःखातुनलाई पक्राउ गर्न सफल भएको उनले जानकारी दिए । पारिवारिक विवादकै कारण सायरा खातुनले निसनारा खातुनलाई कुटपिट गर्दै मुखमा कपडा कोचेर हत्या गरेको उनले बताए ।

अदालतबाट जारी भएको पक्राउ पुर्जी दिएर खातुनलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यलय रौतहटले जनाएको छ । प्रहरीका अनुसार रौतहट जिल्ला अदालतबाट म्याद लिएर थप अनुसन्धान भइरहेको छ ।

## स्थानीय सरकार भनेको जनताको सरकार हो : उपप्रमुख डंगोल

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले स्थानीय सरकार भनेको जनताको सरकार भएको बताएकी छिन् ।

सोमबार फास्टफुड एसोसियसन नेपालको आठौं राष्ट्रिय अधिवेशनको समुद्घाटन समारोहमा बोल्दै उनले सबै भन्दा बढी आम नागरिक र समुदायलाई चिनेको बुझेको सरकार नै स्थानीय सरकार भएको बताएकी हुन् । उनले भनिन्, 'आम नागरिकले धेरै राम्रोसँग व्यवसाय गरिरहनु भएको छ, तर हामी सबैले सचेत हुन जरुरी छ, सरकारले सधैं



ट्याक्स मात्र हामीलाई तिराउँछ , जरिवाना हामीलाई मात्र लगाउछ, कानूनमा मात्र बसाल्छ हामीलाई भन्ने लाग्न सक्छ । तर स्थानीय सरकार भनेको जनताको सरकार हो । नजिकको सरकार हो, सबैभन्दा बढी आम नागरिकलाई समुदायलाई चिनेको बुझेको सरकार हो भनेर आभाष गराउनु पनि महत्वपूर्ण छ । त्यसकारणले पनि काठमाडौं महानगरपालिकाले फास्टफुडकै कम्पनिहरुसँग आवद्ध रहेका सबैलाई तालिम समेत दिएका थियौं ।'

यसैगरी उनले महानगर जनताको राम्रो काम गर्न सधैं तत्पर रहेको बताइन् । उनले राम्रो व्यवसाय गर्नेहरुलाई महानगरले प्रोत्साहन समेत गर्ने बताइन् ।

## नेपाल-भारत संयुक्त सैनिक अभ्यास 'सूर्यकिरण' सम्पन्न



**काठमाडौं/मस-** नेपाली सेना र भारतीय सेना सम्मिलित संयुक्त सैनिक अभ्यास 'सूर्यकिरण'को अठारौं संस्करण सोमबार सम्पन्न भएको छ । रुपन्देहीको सालझण्डीस्थित नेपाली सैनिक ब्याटल स्कुलमा यही पुस १६ गतेदेखि सुरु भएको उक्त सैनिक अभ्यास सोमबार सम्पन्न भएको हो ।

एक विशेष कार्यक्रमका बीच अभ्यासको समापन गर्दै बलाध्यक्ष रथी प्रदिपजंग केसीले संयुक्त अभ्यास सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउने सम्बद्ध सम्पूर्ण निकायलाई धन्यवाद ज्ञापन गरे ।

उनले अभ्यासका क्रममा दुवै देशका फौजले प्रदर्शन गरेको व्यावसायिक दक्षता, उच्चस्तरको समर्पण र सामूहिक लगाव प्रशंसनीय रहेको बताए । संयुक्त अभ्यास निर्देशक सहायक रथी सुरज गुरुङद्वारा अभ्यासको संक्षिप्त जानकारीसहित सुरु भएको कार्यक्रममा भारतीय सेनाको अभ्यास पर्यवेक्षक समूहका तर्फबाट ब्रिगेडियर जनरल गोविन्दन प्रविणले मन्तव्य राखेका थिए ।

विपद् व्यवस्थापन, प्रतिविद्रोह, प्रतिआतंकवाद, जंगल युद्धकला र मानवीय सहयोगलगायत विषय समावेश गरी अभ्यास सञ्चालन भएको नेपाली सेनाले जनाएको छ । अभ्यासमा नेपाली सेनाका तर्फबाट प्रमुख सेनानी निराजन कटवाल र भारतीय सेनाबाट कर्णेल जपेन्दर पाल सिंहको नेतृत्वमा दुवै देशका छ सय ६८ सैनिकहरू सहभागी भएका थिए ।

समापन कार्यक्रममा मध्य पश्चिम पृतनापति उपरथी प्रेमबहादुर पुन, रथीवृन्द, अधिकृत, नेपालका लागि भारतीय सैनिक सहचारीलगायतको उपस्थिति थियो । विसं २०६७ देखि नेपाल र भारतमा आलोपालो सञ्चालन हुँदै आएको यस अभ्यासले दुई देशबीच रहँदै आएको मैत्रीपूर्ण पारस्परिक सम्बन्धलाई थप प्रगाढ बनाउनाका साथै सकल दर्जामा पेसागत सीपको विकास तथा आपसी समझदारी अभिवृद्धि हुने नेपाली सेनाले विश्वास लिएको छ ।

## सम्पादकीय

# मोर्चाबन्दीको (अ)भर

तराई–मधेश केन्द्रित राजनीति गर्ने दलहरूबीच फेरि मोर्चा बनाउने पहलकदमी सुरू भएको छ । शीर्ष नेताहरूबीच मोर्चा गर्ने सहमति जुटेपछि दोस्रो तहका नेताहरू सम्मिलित कार्यदलको गतिविधि सुरू भएको छ । मोर्चा बनाउने प्रस्तावमा सबैजसो शक्तिहरू सहमत छन् । कतिसम्म भने, भर्खरै फुटेको जनता समाजवादी पार्टी (जसपा), नेपालका दुवै घटक मोर्चामा बस्दै छन् । उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल र अशोक राई नेतृत्वको जसपाका नेताहरू अहिले मोर्चा बनाउने छलफलमै छन् । महन्थ ठाकुर नेतृत्वको लोसपाबाट अलग भएका राजेन्द्र महतो, बृशेषचन्द्र लाललगायत पनि मोर्चामै छन् । नेकपा (माओवादी केन्द्र)बाट अलग भएका प्रभु साह र थरूहट आन्दोलनबाट उदाएको नाउपा पनि मोर्चामा रहने छलफल चलिरहेको छ । सीके राउत नेतृत्वको जनमत पार्टी पनि मोर्चामै बस्दै छ ।

स–साना समूह लिएर अलग–अलग पार्टी चलाइरहेका यी दलहरू अहिले मोर्चामा बस्नुको औचित्यचाहिँ संविधान संशोधनको एजेन्डा भनिरहेका छन् । सत्तारूढ नेपाली कांग्रेस र नेकपा एमालेले संविधान संशोधनको एजेन्डा अगाडि बढाएपछि तराई–मधेश केन्द्रित दलहरूले पनि मोर्चा बनाउने गृहकार्य थालेका हुन् । सरकारले संविधान संशोधनको एजेन्डा अगाडि बढाउँदा यस्ता मोर्चा बन्नु स्वाभाविक पनि हो । प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र)को नेतृत्वमा अर्को समाजवादी मोर्चा पनि बनाउने गृहकार्य चलिरहेकै छ । राप्रपा, राप्रपा नेपालसहित राजावादी शक्तिहरू पनि जुट्न सक्छन् । स्वाभाविक रूपले कांग्रेस–एमालेको समान दृष्टिकोण बन्न सक्छ ।

तर, संविधान संशोधनको एजेन्डालाई आवरणमा देखाएर खेल अर्थोक हुने संभावना पनि उत्तिकै छ । विशेषगरी मधेश केन्द्रित शक्तिहरूमा त्यस्तो प्रवृत्ति बढी देखिने गरेको छ । विगतकै कुरा गर्दा संविधानको अन्तर्वस्तुप्रति असहमति राख्दाराख्दै सत्ता स्वार्थमा फसेर आफ्नो माग कमजोर बनाउने प्रवृत्ति पटकपटक देखिएको थियो, हरेक समूहबाट जबकि संविधान संशोधनको एजेन्डामा सीमान्तकृत, अल्पसंख्यक वर्ग समुदायहरूबीच नै बढी एकताबद्ध प्रयत्न आवश्यक हुन्छ । एकताबद्ध प्रयत्नको बलियो उदाहरण त पञ्चायत र राजतन्त्र अन्त्य गर्ने आन्दोलनका क्रममै देखिएको थियो । मधेश आन्दोलन पनि अर्को एकताबद्ध पहलकदमीको उदाहरण हो । तर, त्यसपछि सत्ता स्वार्थमा अल्मलिएर मधेशको एजेन्डा कमजोर बनिरहेको छ । त्यस्तो बेला हुन लागेको मोर्चाबन्दी एक हिसाबले सकारात्मक छ । तर, फेरि पनि यो मोर्चाबन्दी सत्ता चढ्ने भऱ्याङ नभई जनताको आवाज मुखरित गर्ने एकताबद्ध पहलकदमी बन्न सक्नुपर्छ ।

# माघे संक्रान्ति र योग

धर्म-संस्कृति



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

कालयुक्त नामको संवत्सर, माघकृष्ण प्रतिपदा तिथि, तिष्य नक्षत्र, बालवकरण, मंगलबार, दिवम १४:५८ बजे, प्रवादनकाल, १ माघ सूर्य धनराशिबाट मकरमा प्रवेश गर्दै दक्षिणायन हेमन्त ऋतु पूरा भई उत्तरायण शिशिर ऋतु माघमास प्रारम्भ हुँदै छ ।

मकर राशिमा सूर्य, कर्कटमा चन्द्रमा, वृषमा गुरु रहेको पर्व हो यो । मानव जीवन समयचक्रमै घुमिरहेको हुन्छ । सौर्यमासअनुसार १२ राशिमा सूर्य परिभ्रमण गर्ने क्रममा मकर राशिमा सूर्य संक्रमण हुन जाँदा माघे संक्रान्ति हुन्छ ।

सूर्य उत्तरायण भई हाम्रो भूगोलअनुसार दिनमान धेरै र रात्रिमान थोरै हुने हुँदा दिनको समयभन्दा रात्रिको समय कम हुने यो अवस्था सूर्य कर्कट राशिमा सरी श्रावण संक्रान्ति नआएसम्म कायम रहन्छ । उत्तरायण (माघदेखि आषाढसम्म)लाई देवताको दिन र दक्षिणायन (श्रावणदेखि पौषसम्म)लाई देवताको रात भनिन्छ ।



रात र दिनको उत्तिकै महत्त्व हुनाले उत्तरायणमा नयाँ घर सर्ने, बिहे, व्रतबन्ध आदि शुभकर्म बढी हुने गर्छन् भने दक्षिणायन समयमा अधिकांश मुख्य चाडपर्व चतुर्मास व्रत, महादसैं, नागपञ्चमी, कृष्ण जन्माष्टमी, रक्षा बन्धन, तिहार आदि पर्छन् ।

पितृहरूका लागि विशेष उपासना गर्ने पितृपक्ष यसैबेला पर्छ भने मानिसको देहान्त बेलाचाहिँ तुलनात्मक रूपमा उत्तरायणलाई बढी शुभ मानिएको छ ।

तिथि, बार, नक्षत्र, योग र करण ५ अंग मिलेर पञ्चांग बन्छ, ज्योतिषशास्त्रको मूल आधार पनि यही नै हो । प्रत्येक संक्रान्ति सकेमा र नसकेमा श्रावण संक्रान्ति, मकर संक्रान्ति, मेष अर्थात् वैशाख संक्रान्तिमा पन्चांग श्रवण गर्नाले घरैमा गंगा स्नान गरेको पुण्य मिल्ने कुरामा पूर्वीय दर्शनले पुष्टि गरेको छ ।

काल (समय)ले कसैलाई छाड्दैन । समय सबैभन्दा बलवान् छ । महिना–महिनामा आउने संक्रान्ति संक्रमण र कोठामा परिवर्तन हुने क्यालेन्डरका पानाहरूले आफूले गरेका जीवन उपयोगी र समाज उपयोगी कामको गणना गर्न संकेत गर्छन् । ६/६ महिनामा हुने अयन परिवर्तनले अर्धवार्षिक समीक्षा र आत्मालोचना गर्न प्रेरित गर्छ । तृष्णा बढाउने, रोगवृद्धि गर्ने तर कालचक्रभन्दा माथि छु भन्ने अहं भावनालाई त्यागेर आगामी दिन बढी सुखद र आनन्दमय बनाउन सामाजिक सेवा र परहितकारी काममा प्रेरित हुने संकेत हो, संक्रान्ति भनौं अयन परिवर्तन । जीवन सन्तुलित र सौम्य सक्रिय र साहसिलो बनाउन आत्मबलको प्रेरणा दिन्छ, अयन परिवर्तनले । सके बाल्यावस्थादेखि नै नसके किशोर वा यौवनावस्थादेखि नै मानव जीवनलाई राम्रो बनाउन पनि प्रेरित गर्छ ।

यो महिनाका देवता माधवनारायण अनि देवी रुक्मिणी हुन् । शास्त्रले 'तिथिबारश्च नक्षत्रं योगः करणमेव च । पन्चागस्य फलं श्रुत्वा गंगास्नान फलं लभेत्' भनेको छ । माघ संक्रान्तिमा खिचडी, घीउ, चाकु, तरुल, लड्डु, पालुंगो दान गर्ने, खाने/खुवाउने गर्दा जीवनमा अधिक पुण्य हुने र जाडो, गर्मी, शरीरको तापक्रम सन्तुलन हुने विश्वास गरिन्छ ।

विशेष मठ, मन्दिर, व्रत, पूजा, पाठ, पारायण, सत्संग गरी जीवन सार्थक बनाउने, ब्राह्मण वाक्य स्वस्ति वाचन गर्दै नयाँ लगाउने, पुरानो खाने, भलो सुन्ने, भलो चिताउने, धर्मप्रतिको विश्वास र आफैंप्रतिको इमानदारी दर्शाउने पर्व हो यो र यसलाई माघी पर्वका रूपमा पनि मनाइन्छ । आफन्तसँगको भेटघाट र शुभकामना आदानप्रदान गर्दै आफ्नो जीवनको अर्धवार्षिक समीक्षा गर्ने दिन पनि हो यो ।

हाम्रो देशले १ माघलाई स्वस्थ, निरोगी बनाउने योगलाई राष्ट्रिय स्तरमै दिवसको रूपमा मनाउँदै आएको छ ।

भौतिक चिकित्साको पनि महत्त्व बढेको छ आजको समयमा र वैकल्पिक चिकित्सा योग, ध्यान, प्राणायामले पनि शरीरलाई सुन्दर र निरोगी राख्न सकिन्छ । कतिपय प्रोस्टेट जस्ता शरीरका अंगहरू केवल योग, विभिन्न योगका आसनहरू, मकरासन, मण्डुकासन, कपालभाँती, अनुलोम, विलोम भनौं, आध्यात्मिक दर्शन योगशास्त्रले बताएको रेचक, पूरक, कुम्भक प्रक्रियाको श्वास प्रश्वास प्रणालीले मात्र शरीर क्रियाशील, स्वस्थ र रोग प्रतिरोधात्मक क्षमता राख्ने हुन्छ ।

भ्रमण गर्दा पनि सक्रिय नहुने पुरुष प्रोस्टेट ग्रन्थीलाई स्वस्थ राख्न योग नै गर्नुपर्छ । लक्ष्य प्राप्ति, उद्देश्यमा सफलता, परम सिद्धि प्राप्ति, परमात्मा नै प्राप्ति गर्ने धेरै उपायहरू छन् । त्यसमध्ये योग पनि एक हो ।

*तिथि, बार, नक्षत्र, योग र करण ५ अंग मिलेर पञ्चांग बन्छ, ज्योतिषशास्त्रको मूल आधार पनि यही नै हो । प्रत्येक संक्रान्ति सकेमा र नसकेमा श्रावण संक्रान्ति, मकर संक्रान्ति, मेष अर्थात् वैशाख संक्रान्तिमा पन्चांग श्रवण गर्नाले घरैमा गंगा स्नान गरेको पुण्य मिल्ने कुरालाई पूर्वीय दर्शनले पुष्टि गरेको छ*

इन्द्रिय, मन, बुद्धिको वृत्तिलाई रोकेर व्यापक आत्माका साथ स्थापना गर्नुको नाम योग हो । योगाभ्यास एउटा उत्तम ज्ञान हो, यो प्राप्त गर्न शम र दम दुवै साधना चाहिन्छ । अध्यात्मशास्त्रको मूल विषय हो, योग । यसले जोड्ने काम गर्छ सबैतिर ।

आत्मामा नै बढी अनुराग राख्ने, स्वयंको चिन्तन गर्ने, आफूभित्र परमात्मा खोज्ने प्रक्रियाको नाम योग हो । शास्त्रको तत्त्व जान्ने र शास्त्रले बताइएका कर्महरू गर्नेलाई योगी भनिन्छ । संसारबाट जोगिनुको नाम जोगी हो । योगी भनेको बाहिर देखिनेजस्तै जोगीचाहिँ होइन । आत्माको जोड परमात्मासँग जुटाउनेको नाम योग हो ।

निस्काम भावले कर्म गर्नुको नाम योग हो । काम, क्रोध, लोभ, मोह र भयबाट टाढा रहनुको नाम योग हो । स्वप्नबाट अलग रहनुको नाम योग हो । कोरा कल्पना योग होइन, यथार्थ विज्ञान हो यो ।

योगका ५ मुख्य शत्रु छन् । यी दोषहरूबाट टाढा रहनुपर्छ । कामना पैलो शत्रु हो, क्रोध अर्को खराबी हो, लोभ अर्को दुस्मन हो, भय र स्वप्न योगका परचक्रीहरू हुन् । यी ५ परचक्रीहरूलाई त्याग गर्न सके योगमा समाहित हुन सकिन्छ । बिस्तारै योगमा अन्तरनिहीत भएपछि यी दोषहरू हट्दै जान्छन् ।

गुरुको मुखबाट ज्ञानको अधिकारी बनेपछि योगबल प्राप्त हुँदै जान्छ । योग्य हुनुको अर्को नाम योग हो । मनलाई वशमा राख्न सर्वप्रथम क्रोधलाई त्याग गर्नुपर्छ । क्रोधलाई त्याग गर्न संकल्पलाई त्याग गर्नुपर्छ ।

संकल्प अर्थात् चाहनाको तीव्र इच्छाबाट क्रोधको उदय हुन्छ, बिस्तारै लोभको पनि अभ्युदय हुन्छ । सत्व गुणलाई आश्रय लिँदा धीर र वीर पुरुषहरूले स्वप्नलाई जित्न सक्छन् । स्वप्न अर्थात् कल्पनाबाट उठेर यथार्थमा आउन सकिन्छ । मानवले धैर्यको सहारा लिएर निद्रालाई जित्न सक्छ ।

धैर्यलाई सहारा लिँदा मानवले विषय भोग र भोजनको चिन्तालाई छाड्न सक्छ । भोजन स्वतः प्राप्ति हुने विषय हो । नेत्र अर्थात् आँखाको सहाराले हात र खुट्टाको, मनको सहाराले आँखा एवं कानको र कर्मद्वारा मन र वाणीलाई रक्षा गर्नुपर्छ । सावधानीद्वारा भयलाई दूर गर्न सकिन्छ ।

सज्जनहरूको सेवा र संगतले दम्भलाई त्याग गर्न सकिन्छ । आलस्य छाडेर योगका शत्रुहरूमाथि विजय प्राप्त गर्न सकिन्छ । मन दुख्ने, हिंसा एवं कूटिल र रूखो वाणी नबोल्नु पनि योग हो । तेजोमय बह्म सबैको कारक र कारण हो ।

संसार आफैंमा खराब छैन । हेराइ वा दृष्टिमा राम्रो नराम्रो हुन सक्छ । ध्यानले, वेदको अध्ययनले, स्वाध्यायले, सत्य, लज्जा, नैतिकता, इमानदारी, सरलता, क्षमा, शौच, आचार र आहार शुद्धिले अनि इन्द्रिय दमनले शरीरमा तेज वृद्धि हुन्छ । शरीर तेजिलो भएपछि मन स्वतः तेजिलो हुन्छ, मनमा शान्ति हुन्छ, पापहरू पनि बिस्तारै घटेर जान थाल्छन् ।

योगीको मूल स्वभाव सबैप्रति समदर्शी हुनु हो । आफ्नो र पराईमा भेद नहुनु हो । स्वार्थीपन स्वतः हटेर जानु, योगाभ्यासमा जानु धर्मको रूप हो । योगीजनहरू कहिल्यै तनाव र आवेगमा आउँदैनन् । ज्ञान र विज्ञान त्यसैलाई प्राप्त हुन्छ, जो भयरहित वातावरणमा हुर्कन्छ, काम गर्छ ।

समान भाव नै योगको चिह्न हो । जे प्राप्ति हुन्छ, त्यसैमा चित्त बुझाउनुपर्छ । मन र इन्द्रियलाई एकाग्र चित्तले रातको पहिलो प्रहर र रातको अन्तिम प्रहरलाई योग साधनामा विताउन राम्रो हुन्छ । योगबाट सिद्धि प्राप्ति हुन्छ ।

५ इन्द्रिय.मध्ये १ इन्द्रियबाट मात्र पनि यी छिद्रहरू देखिए भने योगको पूर्णता हुन्न । साधकले शास्त्रीय ज्ञानलाई चुहिन दिनु हुँदैन । मनले मनलाई नै नियन्त्रणमा राख्नुपर्ने हुन्छ । म न अर्थात् म होइनको नाम नै मन हो । मनलाई वशमा राखेपछि इन्द्रियलाई वशमा राख्न सजिलो पर्छ ।

५ इन्द्रियलाई मनमा स्थापित गरेर इन्द्रियसहित मनलाई बुद्धिमा प्रवेश गराउँदै आत्माको गहिराइमा मिलन गराउनुको अर्को नाम योग हो । इन्द्रियमा मलिनता हटाई मनको दुर्बलता हटाउन योगले गतिलो साधनको रूपमा काम गर्न सक्छ । यदि यस्तो भएमा स्वयं ब्रह्म साक्षात्कार हुन जान्छ अनि आफूभित्रै साधकले स्वयं भगवान् पाउन थाल्छ ।

योगीले आफ्नो अन्तकरणमा धुवाँरहित अग्नि देख्न थाल्छ, दीप्तमान सूर्य देख्छ, आकाशमा चम्किलो बिजुली स्वयंभित्र देख्छ । जीव मात्रमा ईश्वर देख्न थाल्छ । त्यही व्यक्तिलाई महात्मा र ज्ञानी, विद्वान् भनिन्छ । सबै प्राणीप्रति दया गर्न थाल्छ उसले ।

योगबाट अनेकौं अद्भूत रसको प्राप्ति भएको अनुभव हुन सक्छ । इच्छाअनुकूल जाडो, गर्मीको सहन क्षमता हुन्छ, शरीरमा स्फूर्ति बढेको अनुभूति हुन्छ । दिव्य, भोग्य पदार्थहरू आफ्नै वरिपरि प्राप्त भएको महसुस हुन्छ । जसरी धन चाहनेले सदैव धनकै इच्छा गर्छ, ठीक त्यस्तै साधकले केवल योगकै चिन्तन गरी नै रहन्छ । इन्द्रियलाई स्वयं आफूभित्र राख्छ, हृदय कमललाई आत्मभावमा राखेर एकाग्र चिन्तनमै मस्त हुन्छ ऊ ।

मन चञ्चल हुँदैन, साधनाबाट विचलित पनि हुन्न । नियमित आहार विहार गर्दै लाभ हानिलाई समभावले हेर्छ, कसैले प्रशंसा गरोस् या निन्दा, उसको भाव सम नै हुन्छ । एउटाको भलाइ र अर्कोको निन्दा उसले गर्दैन । लाभ भएमा हर्षले गद्गद् हुँदैन, हानि भएमा खिन्नता बोध पटक्कै हुँदैन । वायुझैं ऊ संवेग विचरण गरेर पनि असंगत नै हुन्छ । चित्त स्वस्थ हुन्छ, समदर्शी हुन्छ, एकाग्र, स्थिर, धीर हुन्छ, वीर हुन्छ । लगातार ६ महिनासम्म यस्तो योगाभ्यास गर्दा ब्रह्म स्वयं साक्षात्कार हुन्छ । जस्तै : बालक ध्रुवले केवल ६ महिनामा परमात्मा प्राप्त गरे, सिद्धि प्राप्त गरे ।

असल शासनमा, सुशासनमा, राज्य सेवामा, औद्योगिक उत्पादन र उत्पादकत्वमा, कलकरखानामा, सधैं सेवामा समर्पित प्रहरी, सेना, व्यवस्थापन, सार्वजनिक प्रशासन, राजनीतिकर्मी, निर्णायक नेतृत्वमा योग आवश्यक छ । विज्ञानको असल प्रयोगमा आज संसारभर योगको अभ्यास र चमत्कार भइरहेको छ । ज्ञान र विज्ञानको सदुपयोगमा योगाभ्यास जरुरी छ ।

## इतिहासमा आज

१४ जनवरी १९७४ मा विश्व फुटबल लिगको स्थापना भएको थियो ।




१४ जनवरी १९९४ मा युक्रेन, रुस र अमेरिकाले मस्कोमा परमाणु अस्त्र कम गर्नेसम्बन्धी सम्झौतामा हस्ताक्षर गरेका थिए ।



१४ जनवरी १७५८ मा इस्ट इन्डिया कम्पनीलाई भारतमा लडाइँमा जितेको सम्पत्ति आफूसँगै राख्ने अधिकार बेलायती राजाले दिएका थिए ।



१४ जनवरी २००७ देखि नेपालमा अन्तरिम संविधान, २०६३ लागू भएको थियो ।



# राष्ट्रियता र सोच

विचार



● डा. युवराज संग्रौला

*हामीले भूराजनीतिको चुनौतीलाई कहिल्यै महसुस गरेनौं । आज हरेक मान्छे अभियानमा छन् । उनीहरू वर्तमान शासक बदल्न चाहन्छन् । पुरानाले विचार, देशभक्ति र राजनीतिक संस्कार त्यागिदिए । तर, परिवर्तन खोज्नेलाई पनि विचारको कुनै चासो छैन । कसरी बनाउन सकिन्छ देश ?*

छिमेकी २ देश भारत र चीनसँगको सम्बन्धलाई लिएर नेपालभित्र अनेक खालका बहस सार्वजनिक संचार माध्यममार्फत हुने गरेका छन् । विशेषगरी नेपालको राजनीतिमा कुनको भूमिका के भन्ने कोणबाट विश्लेषणहरू भइरहेका पाइन्छ । कहिलेकाहीँ सुनिने विश्लेषण यतिसम्मका हुन्छन् कि कुनै दलभित्रको नेता बनाउन वा सरकारकै नेतृत्व दिन बाह्य शक्तिले खेलेका कुरा पनि आउँछन् ।

तर, सोचनीय विषय, हामी किन सधैं भारत र चीनलाई यसरी हेर्छौं ? हामीले हेर्ने त नेपालभित्र हो नि ! किन हामीले नेपालमा उभिएर विश्वलाई हेर्न चाहेनौं ? किन हामी अरूलाई हेरेर आफ्नो अस्तित्व बिर्सन्छौं ? शासकले मात्र होइन, नागरिकले पनि देशप्रतिको कर्तव्य छाडेको किन देख्दैनौं ? किन हामी सधैं नेपाल स्वतन्त्र होइन कि भन्ने मनोविज्ञानबाट ग्रस्त छौं ?

हाम्रो इतिहास लामो छ । यलम्बरले नेपाल राज्यलाई संगठित गरे । न्याय प्रणाली, कर प्रणाली र कृषिको शुभारम्भ गरे । मानदेवले टुक्रिन लागेको नेपाल एकीकरण गरे र शक्तिशाली बनाए । अंशुवर्माले नेपालको शासनमा दखल गर्न पुगेका मगधबाट आएका गुप्तहरूको दखल समाप्त गरी दक्षिणको प्रभावबाट मुक्त गरे, नयाँ संवत् पनि चलाए । उनले नेपालको राष्ट्रवादलाई प्रवर्द्धन गरे ।

नरेन्द्रदेवले चीनसँग व्यापार सुरु गरे र उत्तर र दक्षिणसँग व्यापारमा प्रतिस्पर्धा गरेर धनी हुन सकिने देखाए । सिञ्जाका राजाले कैलाशसम्म नेपालको सभ्यता पुऱ्याए । सिम्रौनगढका राजा शिवदेवले गया सुद्विनसँग लडेर काठमाडौं जोगाए । प्रताप मल्लले काठमाडौंलाई उन्नत बनाए । भूपतेन्द्र मल्लले वास्तुकलाको अनुपम वैभव निर्माण गरे ।

पृथ्वीनारायणले आधुनिक नेपालको जग हाले । भीमसेन, अमरसिंह, भक्ति थापाले नेपालको स्वतन्त्रता कायम राख्न अनुपम योगदान गरे । जंगबहादुरले पनि योगदान गरे । बी. पी., के. आई. सिंह, टंकप्रसादले, पुष्पलाल र मनमोहन अधिकारीले निरंकुश राणा शासनबाट जनतालाई मुक्त गर्न योगदान गरे । नेपालको यो लामो इतिहासमा अनेक व्यक्तिको भूमिका छ । के हाम्रो आफ्नै पहिचान छैन र ?

तर, २००७ सालमा आएको परिवर्तनले जनताको स्वतन्त्रता ल्याए पनि राष्ट्रको स्वतन्त्रतामा बादल लाग्यो, नेपालको शासनमा भारतको अधीनले । क्याबिनेटमै भारतीय सचिव अनि राजा त्रिभुवनका पी. ए. पनि भारतीय । राजा महेन्द्रले यो क्रम भंग गरे । नेपालको सम्बन्धमा अन्तर्राष्ट्रियकरण भयो । तर, उनको यो गौरव दरबारले कायम गर्न सकेन ।

२०४६ सालमा बहुदल आयो तर यसले त कुलीनतन्त्र जन्मायो । आजसम्म ७० वर्ष ज्यादा भयो तर जनताको अवस्था उस्तै छ । उद्योग छैनन् । कृषि समाप्त भयो । नागरिक श्रम निर्यात गरेर देश बाँचेको छ । आजसम्म आइपुग्दा राज्यको स्वनिर्णयको क्षमता ध्वस्त भएको छ । अर्थतन्त्र पनि ध्वस्त भएको छ ।

हामीले देशको स्वाधीनता जोगाउन कसरी सकिन्छ होला भन्ने कुरामा छलफल गर्नै चाहेनौं । देशको अर्थतन्त्र समृद्ध पार्न उत्पादनमा क्रान्ति ल्याउन कसरी सकिन्छ भन्ने कुरामा छलफल गर्नै चाहेनौं । काठमाडौंमा सीमित रहेको नेपाललाई कसरी मधेशमा, पूर्वमा पश्चिममा सुदूरपश्चिममा पुऱ्याउन सकिन्छ भन्ने छलफल गर्नै चाहेनौं । बस्, हाम्रो छलफल भारत र चीनका बारेमा केन्द्रित गऱ्यौं ।

हामी नेपालमा बस्ने मान्छे मात्र किन भयौं ? किन नागरिक हुन सकेनौं ? हामीले भूराजनीतिको चुनौतीलाई कहिल्यै महसुस गरेनौं । आज हरेक मान्छे अभियानमा छन् । उनीहरू वर्तमान शासक बदल्न चाहन्छन् । पुरानाले विचार, देशभक्ति र राजनीतिक संस्कार त्यागिदिए । तर, परिवर्तन खोज्नेलाई पनि विचारको कुनै चासो छैन । कसरी बनाउन सकिन्छ देश ? यही प्रश्नको छलफलले नेपालको भविष्य निर्माण गर्ने छ ।

## सामाजिक सञ्जाल




**चन्द्र भण्डारी**

हामीले लामो संघर्ष गरी प्राप्त गरेको संसदीय व्यवस्था विधिको शासन, पारदर्शिता र सुशासनका लागि थियो । त्यस कारण हामीले संसदको कल्पना गरी जनताका जनता प्रतिनिधिबाट मुलुक चलाउने व्यवस्थालाई पालन गरेका हौं । सांसद, संसद् जीवित हुँदाहुँदै के कति कारणले अध्यादेशको आवश्यकता पऱ्यो ?



**तारानाथ दाहाल**

कांग्रेस-एमाले मिल्दा पनि संसद्सँग सरकार डराउनुपर्ने परिस्थिति किन बनेको होला ? मलाई आश्चर्य लागेको छ । सुधारका सबै काम आत्मविश्वासका साथ संसद्बाट कानुन बनाएर गर्न सकिन्न र ? लोकतन्त्रमा डेलिभरी दिन प्रभावकारी सरकार चाहिन्छ नै तर संसद्प्रति पूर्ण उत्तरदायी र जबाफदेही हुनुपर्छ ।



**प्रेमकान्त अधिकारी**

आफूलाई सुम्पिएको पदीय दायित्व, कर्तव्य, जिम्मेवारीलाई निर्वाह गर्न नसक्नेहरू राज्य संयन्त्र संचालनमा आसीन हुन पुगे । आफू आफैं खत्तम छ अनि त्यो खत्तमले त्यस्तै खत्तमलाई रोज्दो रहेछ । खत्तमले हालीमुहाली गर्न पाएपछि अरू कहाँ के देख्छ ? खत्तमहरूको जमातले भएको रहेछ ।



**विराट अनुपम**

सुपर पावर अमेरिकाले चाह्यो भने आजको आजै अमेरिकाबाटै प्रहार गरेर नेपालभर आगो लगाइदिन सक्छ । तर, आफ्नै देशको राज्यको आगोचाहिँ आजको आजै निभाउन सक्दैन । अर्थात्, अहिलेसम्मका विश्वका महाशक्तिहरूका वैज्ञानिक आविष्कार 'बिगार्ने' कुरामा केन्द्रित छन्, 'बनाउने'मा होइन ।

**मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.**

# कटहरिया नगरपालिकामा ३ सातादेखि तालाबन्दी

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २९ पुस



रौतहट कटहरिया नगरपालिकामा तीन सातादेखि लागेको ताला अझै खुल्न सकेको छैन । नगर प्रमुख अजय प्रकाश जयसवाल तथा प्रमुख प्रशासकीय अधिकृत रामजी जोशीको कार्यशैलीप्रति असन्तुष्टी जनाउँदै जनप्रतिनिधिलेनै तालाबन्दी गरेका हुन् ।

नगर प्रमुख जयसवाल तथा प्रमुख प्रशासकीय अधिकृतले एकलौटी गर्ने गरेको अन्य जनप्रतिनिधिहरूको आरोप छ। कयौं पटक तालाबन्दी भयो, खुल्यो पनि, तर यसपालिको तालाबन्दी निर्णायकनै हुने जनप्रतिनिधिहरुको भनाइ छ ।

कटहरिया वडा नम्बर ५ का वडाध्यक्ष सर्फलाल गुप्ताले मेयर र अधिकृतको गैरजिम्मेवारीका कारण तालाबन्दी भएको तीन हप्ता वित्दा समेत खुल्न सकेको छैनत । उनीहरुले तालाबन्दी खुलाउने कुनै पहल गरेका छैनन् ।

बाहिरै बसेर चेक काट्ने र सम्झौता गराउने जस्ता कामहरु भइरहेको वडाध्यक्ष गुप्ताले बताएका छन् । गलत नियतले मेयर र अधिकृतले नगरपालिकालाई बन्धक बनाएको उनले आरोप समेत लगाए ।

मेयर जयसवालले नगरपालिकालाई कमाइ खाने भाँडो बनाएको वडाध्यक्ष गुप्ताको आरोप छ । साथै उनले आन्दोलनलाई वेवास्ता गरिए कडा रुपमा प्रस्तुत हुने चेतावनी समेत दिएका छन् ।

अर्का वडाध्यक्ष चन्दन कुशवाहाले यसअघि आफूहरुले तलाबन्दी गर्दा मेयरले ११ बुँदे सहमती गरेर नै ताल्चा खोल्न लगाएको स्मरण गराए । कर्मचारीहरु बक्यौता तलब दिने, बिजुलीको महसुल भुक्तानी गर्ने, खानेपानीमा पैसा राख्ने जस्ता सहमतीहरु गरेर नै नगरपालिकामा लागेको ताल्चा खोलाइएको थियो । तर अहिले ताल्चा खोलाउने कुनै किसिमको पहल भएको छैन ।

कटहरिया नगरपालिका २० दिनदेखि मात्र होइन् अढाइ वर्षदेखि नै मेयरको बन्धकमा रहेको वडाध्यक्ष कुशवाहाले दाबी गरे । यत्रो लामो तालाबन्दी हुँदा समेत मेयरले वेवास्ता गर्दै बसेको भन्दै उनले असन्तुष्टी जनाए । नगरप्रमुख र कार्यालय प्रमुखले नगरपालिकामा भ्रष्टाचारको साम्राज्य खडा गरेको र जनताप्रति अलिकति पनि उत्तरदायी नदेखिएको उनले आरोप लगाए ।

सोमबार उपप्रमुख रिता देवी यादवसहित कटहरिया वडा नम्बर १ का वडाध्यक्ष भूपेन्द्र महतो, वडा नम्बर २ का वडाध्यक्ष हरिन्द्र साह,वडा नम्बर ४ का वडाध्यक्ष चन्दन कुशवाहा,वडा नम्बर ५ का वडाध्यक्ष सर्फलाल गुप्ता र वडा नम्बर ७ का वडाध्यक्ष सहिद आलमले एकस्वरमा नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतप्रति असन्तुष्टी जनाए। आफूहरुले नगरपालिकाको भलाइको लागि तालाबन्दी गरेको उनीहरुको भनाइ छ ।

# बृहत्तर जनकपुरका तत्कालीन कार्यकारी निर्देशक ठाकुर पक्राउ



**जनकपुरधाम/मस–** बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का तत्कालीन कार्यकारी निर्देशक बलराम ठाकुर पक्राउ परेका छन्।

ठाकुर ललितपुरको भैंसेपाटीबाट पक्राउ परेको धनुषाका प्रहरी प्रमुख एसपी भुवनेश्वर तिवारीले पुष्टि गरे। ठाकुर ठगी र सरकारी छाप कीर्तेसम्बन्धी मुद्दामा पक्राउ परेको उनले बताए ।

उनका अनुसार ठाकुरलाई धनुषा ल्याउने प्रक्रिया अगाडि बढाइएको छ । ठगी र सरकारी छाप कीर्तेसम्बन्धी मुद्दा ठाकुरसहित परिषद्का लेखापाल सावित्री गिरी, प्रशासन प्रमुख जीतेन्द्र यादव र जिन्सी शाखा प्रमुख मदन चौधरीमाथि पनि छ। उनीहरू फरार छन्।

कार्यकायरी निर्देशक रहेका बेला ठाकुरले परिषद्बाट गाडी भाडाको नाममा ३० लाखभन्दा बढी रुपैयाँ अनियमितता गरेको आरोप छ। परिषद्बाट महोत्तरीका मुकेश यादवलाई धनी कायम गरेर गाडी भाडामा लिएको भनी रकम निकासा गरेको पाइएको छ। मुकेशले नै उनीहरूमाथि प्रहरीमा उजुरी गरेका हुन् ।

ठाकुर कार्यकारी निर्देशक रहेका बेला परिषद्लाई एक व्यक्तिले दान दिएको बा १३ च २०३७ नम्बरको स्कार्पियो गाडी पत्नीको नाममा दर्ता गराएको पनि आरोप छ ।

# छत्रदेव गाउँपालिकामा सार्वजनिक सुनुवाइ




**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २९ पुस

अर्घाखाँचीका छत्रदेव गाउँपालिकामा सार्वजनिक निकायबाट हुने सेवा प्रवाहका विषयमा सार्वजनिक सुनुवाइ सम्पन्न भएको छ । जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीको आयोजनामा सार्वजनिक सुनुवाइ सम्पन्न भएको हो ।

छत्रदेव गाउँपालिकाको सभाहलमा भएको कार्यक्रममा सेवाग्राही तथा नागरिक समाजका अगुवाहरुले जिल्लाका विभिन्न सरकारी कार्यालयले प्रवाह गरेको सेवा, कार्यक्रम र बजेटका विषयमा गुनासो राखेका थिए। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालले सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३० बमोजिम सरकारी निकायले सार्वजनिक सुनुवाइ सञ्चालन कार्यविधि तयार गरेर नियमित सार्वजनिक सुनुवाइ गर्नुपर्नेमा जोड दिएका थिए ।

सरकारी गतिविधिलाई नागरिकमैत्री, पारदर्शी, सूचनामैत्री, सुशासनमैत्री बनाउन र नागरिकको सुझाव ग्रहण गर्न गाउँपालिकाका सबै सार्वजनिक निकायलाई बोलाएर सार्वजनिक सुनुवाइ गरिएको प्रजिअ अर्यालले जानकारी दिए । अर्यालले कार्यालयले गरेका राम्रा कामहरुको सार्वजनिकीकरणसँगै जनस्तरबाट सुझाव ग्रहण गर्न सार्वजनिक सुनुवाइ गरिएको बताए ।

कार्यक्रममा छत्रदेव गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठले जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीले पहिलो पटक छत्रदेव गाउँपालिकामा सार्वजनिक सुनुवाइ गरेको र अन्य कार्यालयले समेत यस कार्यक्रमलाई नियमित गर्नुपर्ने बताए ।

श्रेष्ठले असार लाग्दा मात्रै विभिन्न योजनाहरुको अनुगमन गरिने परम्परा तोड्नुपर्ने, सार्वजनिक सुनुवाइमार्फत बजेट र कार्यक्रम सार्वजनिक गर्नुपर्ने, सार्वजनिक संघसंस्थाहरु जवाफदेही, पारदर्शी हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा छत्रदेव ४ का सन्जय पाण्डेले छत्रदेव गाउँपालिकामा खानेपानीको समस्या समाधान गर्न जनप्रतिनिधि लागि परेको गाउँपालिकामा कर्मचारीको कमि भएको भन्दै प्रश्न गरेका थिए । उनले जिल्लामा केही कार्यालयले मात्र नाम मात्रको सार्वजनिक सुनुवाइ गर्ने गरेको, जिल्लामा सरकारी कार्यालयमा जाँदा सहज ढंगले काम हुन नसकेको जनताको काम गर्दा ढिलाइ हुने गरेको गुनासो गरेका थिए ।

कार्यक्रममा राखेका जिज्ञासाहरुको छत्रदेव गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी बाबुराम अर्याल, गाउँपालिका उपाध्यक्ष मनि पन्थी, प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डे लगायतका जनप्रतिनिधि, कर्मचारीले जवाफ दिएका थिए ।

# कृष्णनगर सीमा क्षेत्रमा तस्करी बढ्यो



**शहबाज खान/कपिलवस्तु**
कपिलवस्तु, २९ पुस

कपिलवस्तुको दक्षिण-पश्चिमी सीमाना अवस्थित कृष्णनगर क्षेत्रमा तस्करीको समस्या दिनानुदिन बढ्दै गएको छ। नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको मौन समर्थनका कारण तस्करीलाई थप प्रोत्साहन मिलेको आरोप लाग्ने गरेको छ ।

सीमावर्ती क्षेत्र सिर्सिहवा, ठकुरापुर, कृष्णनगरबाट लहसुन र पापकान, जस्ता कृषि उपजहरू तथा कबाड नेपालबाट भारततर्फ मोटरसाइकल, पिकअपमा तस्करी भइरहेको छ। त्यसैगरी, भारतबाट मोटर पार्ट, मोविल, पेन्ट, चिनी, कपडा, जुत्ता-चप्पलजस्ता सामानहरूको ठूलो परिमाणमा तस्करी हुने गरेको छ। तस्करीको कारणले सीमावर्ती क्षेत्रका व्यापारीहरू गम्भीर समस्यामा परेका छन् । स्थानीय उद्योगीहरूले उद्योग व्यापार बन्द गर्ने अवस्था आएको बताउँदै तस्करी रोक्नका लागि प्रभावकारी कदम चाल्न सरकारसँग माग गरेका छन् ।

तस्करी नियन्त्रणका लागि खटिएका सुरक्षा निकायहरूले आवश्यक कदम चाल्न नसक्दा तस्करहरूको मनोबल उच्च रहेको छ । यसले गर्दा कानुनी शासनको कार्यान्वयनमा गम्भीर प्रश्न उठेको छ । यस क्षेत्रका स्थानीयहरू र व्यवसायीहरूले तस्करी नियन्त्रणमा सरकार र सुरक्षा निकायहरूको जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्न जोडदार अपिल गरेका छन् ।

# समाजवादी मोर्चाको बैठक आज

**काठमाडौं/मस–** विपक्षी चार दलीय समाजवादी मोर्चाको कार्यदल बैठक मंगलवार बस्दै छ। माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्रीबाट हटेपछि लामो समय निष्क्रिय रहेको मोर्चाको बैठक बुधवार बस्ने टुङ्गो लागेपछि कार्यदलको मंगलवार बस्न लागिएको हो। बैठक दिउँसो ३ बजे बस्ने कार्यदल सदस्य एवं नेपाल समाजवादी पार्टीका सहअध्यक्ष गङ्गानारायण श्रेष्ठले जानकारी दिए ।

१ साउनमा माओवादीको केन्द्रीय कार्यालय पेरिसडाँडामा बसेको बैठकले मोर्चाको गतिविधिबारे समीक्षा गरी १५ दिनभित्र प्रतिवेदन बुझाउन कार्यदललाई निर्देशन दिएको थियो। तर, माओवादीले मोर्चालाई बेवास्ता गरेपछि बैठक बस्न सकेको थिए । अहिलेसम्म पनि प्रतिवेदन टुङ्गो नलागेको श्रेष्ठले बताए । यता ६ महिनापछि बस्न लागिएको मोर्चाको बैठकले विगतका कामको समीक्षा गरी सरकार विरोधी कार्यक्रम ल्याउनेबारे छलफल हुने श्रेष्ठले बताए ।

कार्यदलको बैठकले प्रतिवेदन तयार गरी मोर्चाको बैठकमा पेस गरिने पनि उनले बताए । कार्यदलमा श्रेष्ठसहित माओवादीका महासचिव देव गुरुङ, नेकपा (एकीकृत समाजवादी)का वरिष्ठ नेता प्रमेश हमाल, नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मा छन्। आलोपालो प्रणाली अनुसार मोर्चाको नेतृत्व अहिले विप्लवले गरिरहेका छन् ।

यसैबीच मधेश केन्द्रित राजनीतिक दलहरूको मोर्चा गठन गर्ने प्रयासस्वरुप बनेको कार्यदलको पहिलो बैठक पनि मंगलबार बस्दैछ । मंगलबार बिहान ११ बजे काठमाडौंको धुम्बाराहीस्थित समर्पण एकेडेमीमा बैठक बस्न लागेको हो ।

बैठकमा विभिन्न दलका नेताहरू सहभागी भई मोर्चा निर्माणको खाका, उद्देश्य र साझा एजेन्डाबारे छलफल गर्ने तय भएको छ । मधेश केन्द्रित मुद्दाहरूमा एकजुट भई राजनीतिक शक्ति निर्माण गर्ने उद्देश्यले कार्यदल गठन गरिएको हो ।

बैठकमा जनता समाजवादी पार्टीबाट रेणु यादव र ईस्तियाक राई, जसपा नेपालबाट राजकिशोर यादव, लोकतान्त्रिक समाजवादी पार्टीबाट जितेन्द्र सोनल र सुरेन्द्र झा, जनमत पार्टीबाट अब्दुल खान र शरद यादव, जनप्रगतिशील पार्टीबाट शिवजी यादव, राष्ट्रिय मुक्ति पार्टीबाट केशव झा तथा तराई मधेश लोकतान्त्रिक पार्टीबाट वृषेश चन्द लाल सहभागी हुनेछन्।

# 'वाइल्डलाइफ फोटोग्राफर' चुङ्बा शेर्पाको निधन

**काठमाडौं/मस–** वाइल्डलाइफ फोटोग्राफर चुङ्बा शेर्पाको निधन भएको छ । ६४ वर्षीय शेर्पाको आइतबार राति १२:१५ बजेको समयमा ग्रान्डी अस्पतालमा उपचारको क्रममा निधन भएको हो।



सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-१ लुक्ला स्थायी ठेगाना भएका शेर्पा कलेजोसम्बन्धी समस्याका कारण एक सातादेखि उपचाररत थिए । उनको भेन्टिलेटरमा राखेर उपचार भइरहेको थियो। उपचारकै क्रममा शेर्पाको निधन भएको खुम्बु पासाङल्हामु गाउँपालिका-१ का वडाध्यक्ष फुनुरु शेर्पाले पुष्टि गरे ।

उनका दुई छोरा र तीन छोरी छन् । लामो समयदेखि नेपाली कांग्रेसमा आबद्ध भइ राजनीतिमा समेत संलग्न शेर्पा नेपाली कांग्रेस खुम्बु पासाङल्हामु गाउँपालिकाका सभापति समेत थिए । पर्यटन व्यवसायमा आबद्ध उनी चौँरीखर्कको पूर्व गाविस अध्यक्षसमेत थिए । केही वर्षदेखि वाइल्डलाइफ फोटोग्राफीमा सक्रिय शेर्पा फोटोग्राफी सम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग आबद्ध थिए ।

# १७ लाख किशोरीलाई 'एचपीभी' खोप दिइने



**भक्तपुर/मस–** सरकारले पाठेघरको मुखको क्यान्सर रोकथामका लागि एचपीभी खोप देशभरका १७ लाख किशोरीलाई लगाउने तयारी गरेको छ । यो खोप अभियान २२ माघदेखि २६ फागुनसम्म सञ्चालन हुनेछ । खोप अभियानका क्रममा कक्षा ६ देखि १० सम्मका विद्यालयमा अध्ययनरत किशोरीहरूलाई विद्यालयमै खोप केन्द्र स्थापना गरेर खोप दिइनेछ । विद्यालय बाहिरका १० देखि १४ वर्षका किशोरीहरूलाई अन्य केन्द्रमार्फत खोप लगाइनेछ ।

स्वास्थ्य सेवा विभागअन्तर्गत परिवार कल्याण महाशाखाको खोप शाखा प्रमुख डा. अभियान गौतमका अनुसार देशभरका १६ लाख ८८ हजार ७६८ किशोरीलाई खोप दिने लक्ष्य राखिएको छ ।

खोपका लागि ८,२०० विद्यालयहरू खोप केन्द्रका रूपमा चयन भएका छन् । यसका लागि २७ हजार ८० स्वास्थ्यकर्मी र ५४ हजार १६० स्वयंसेवक परिचालन गरिनेछ । साथै १५ हजार ६७४ सुपरिवेक्षक खटाइनेछ ।

खोपले ९०-९५ प्रतिशत सम्म पाठेघरको मुखको क्यान्सरबाट सुरक्षा प्रदान गर्ने जनाइएको छ । नेपालमा यो क्यान्सरका कारण प्रत्येक दिन चारजनाको मृत्यु हुने गरेको तथ्यांक छ ।

महिलामा हुने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर नेपालमा पहिलो स्थानमा पर्छ, जबकि विश्वव्यापी रूपमा यो चौथो स्थानमा छ ।

अभियान विश्व क्यान्सर दिवस फेब्रुअरी ४ को सन्दर्भ पारेर सञ्चालन गरिन लागिएको हो। स्वास्थ्य सेवा विभागका डा. अभियान गौतमले यो अभियान सरकारको पाठेघरको मुखको क्यान्सर निवारण प्राथमिकता अन्तर्गत रहेको बताए ।

# भारतीय मालबाहक सवारीले सडक बिगारे




**काठमाडौं /मस–** नेपाल ट्रक यातायात व्यवसायी महासंघले स्वदेशी र विदेशी मालवाहक सवारी साधनले तोकिएकोभन्दा बढी भारवहन गरी सञ्चालन हुँदा राष्ट्रिय राजमार्ग र पुलहरूमा क्षति पुऱ्याएको भन्दै सरकारको ध्यानाकर्षण गराएको छ। महासंघले सवारी तथा यातायात व्यवस्था ऐन २०४९ र नियमावली २०५४ को प्रभावकारी कार्यान्वयनमा सरकारको उदासीनता रहेको आरोप लगाएको छ । महासंघले यस विषयमा विगतदेखि नै सम्बन्धित निकायलाई बारम्बार सचेत गराउँदै आएको दाबी गरेको छ । महासंघले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग र प्रहरी प्रधान कार्यालयलाई अनधिकृत भारवहन नियन्त्रण गर्न पटक-पटक लिखित जानकारी गराए पनि समस्या झन् जटिल बन्दै गएको जनाएको छ ।

महासंघका अनुसार, तोकिएकोभन्दा बढी भारवहनले राष्ट्रिय राजमार्ग र पुलहरू जिर्ण बनाउँदै गएको छ । हालै गण्डकी प्रदेशको विनय खोलामा भारतीय मालवाहक सवारी साधनले अत्यधिक भारवहन गर्दा पुल भाँचिनु यस समस्याको पछिल्लो उदाहरण हो । पुल भाँचिएपछि उक्त मार्गमा सवारी आवागमन अवरुद्ध भएको छ, जसले यात्रु र व्यवसायमा गम्भीर प्रभाव पारेको छ । महासंघले सवारी साधनले तोकिएको भारवहन क्षमताभन्दा बढी सामान बोकेर सञ्चालन गर्ने क्रम रोक्न तौलपुलको व्यवस्थापनलाई सुदृढ बनाउनुपर्नेमा जोड दिएको छ । यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी र नेपाल प्रहरीबीच समन्वय अभावले तौलपुल प्रणाली प्रभावकारी बन्न नसकेको जनाएको छ। नियम विपरीत भारवहन गर्दा दुर्घटनाको सम्भावना बढ्नुका साथै सडक तथा पुल संरचनामा दीर्घकालीन असर परेको महासंघको भनाइ छ। महासंघले सडक संरचना जोगाउन, दुर्घटना न्यूनीकरण गर्न, र सर्वसाधारणको ज्यानको रक्षा गर्न तत्काल कदम चाल्न सरकारलाई आग्रह गरेको छ। यदि यस विषयमा सरकार गम्भीर नभए थप क्षति र दुर्घटनाको जिम्मेवारी सरकार र सम्बन्धित निकायले लिनुपर्ने महासंघको चेतावनी छ ।

# प्रहरी महानिरीक्षकद्वारा दर्ज्यानी चिह्न प्रदान

**काठमाडौं/मस–** प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले पेसागत निष्ठा, व्यावसायिकता र इमानदारितालाई केन्द्रमा राखी कर्तव्य निर्वाहमा तल्लीन रहन मातहतका प्रहरी अधिकारीलाई निर्देशन दिएका छन्।

पदोन्नति भएका प्रहरी अधिकृतलाई दर्ज्यानी चिन्ह प्रदान गर्दै सोमबार प्रहरी प्रधान कार्यालय नक्सालमा उनले संगठनको विकास र सुदृढीकरणमा ध्यान केन्द्रित गर्न निर्देशन दिए । 'पदोन्नतिलाई व्यक्तिगत सुविधा र खुसीभन्दा माथि राख्दै पदीय जिम्मेवारी र जवाफदेहिता थप भएको महसुस गरेर कार्यसम्पादनमा अझ निखर र तल्लीन रहन निर्देश गर्दछु', प्रहरी महानिरीक्षक कुँवरले भने । पदोन्नति भएका प्रहरी अतिरिक्त महानिरीक्षक कुवेर कडायतले संगठनको छवि उच्च गर्न र बृहत्तर हितका लागि सदैव क्रियाशील रहने प्रतिबद्धता व्यक्त गरे ।



समारोहमा प्रहरी महानिरीक्षक कुँवरले प्रहरी अतिरिक्त महानिरीक्षकद्वय कडायत र रवीन्द्र केसी, प्रहरी नायब महानिरीषकहरू ईश्वर कार्की, राजेन्द्रप्रसाद भट्ट, दिनेशकुमार आचार्य, अरूण पौडेल र गोविन्द थपलिया तथा प्राविधिक प्रहरी वरिष्ठ उपरीक्षक लालबाबु गिरीलाई दर्ज्यानी चिन्हद्वारा सुशोभित गरेका थिए ।

**मालपोत कार्यालय मौलापुर, रौतहट**
**छुट दर्ता सम्बन्धी हकदावीको ३५ दिने सार्वजनिक सूचना**
**प्रकाशित मितिः २०८१/१०/०१**

उपरोक्त सम्बन्धमा जिल्ला रौतहट साविक गा.वि.स. पतौरा वार्ड नं. २ हाल मौलापुर न.पा. ४ मा बस्ने चन्देश्वर प्रसाद यादवले जि.रौ. गा.वि.स. पतौरा वडा नं. ५ कि.नं. ३४४ को ०-११-१० को अप्रमाणित जग्गा प्रमाणित गरी रौ.जि.अ. को २०७०/३/२० गतेको मिलापत्रानुसार आफ्नो नाममा दा.खा. गरी पाउँ भनि द.नं. ६००३ मिति २०८०/११/१५ गतेको माग निवेदन। माग जग्गाको मोठ भिडान हुँदा गा.वि.स. पतौरा वार्ड नं. ५ कि.नं. ३४४ को ०-११-१० को जग्गाको मोठ श्रेस्तामा ज.ध.को नाम च्यातिएको, श्रेस्ताको कैफियत महलमा झगडा उल्लेख रही उक्त उल्लेखित जग्गा अप्रमाणित रहेको र रुपलाल राय यादवको नाममा रोक्का देखिदैन भने व्यहोरा उल्लेख भई आएको देखिन्छ। उल्लेखित जग्गामा कोही कसैको हकदावी पुग्ने भएमा प्रमाण सहित म्यादभित्र यस कार्यालयमा निवेदन दिन आउनुभनी जग्गा प्रशासन कार्यबिधि २०६२ को भाग ३ परिच्छेद १ को दफा १.९.१ ङ बमेजिम यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्यादबाहेक ३५ दिनभित्र आफ्नो हकदाबीको प्रमाण साथ यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा मांग दाबी बमोजिम दा. खा. भै जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**UAE मा रोजगार**

कम्पनीः Tawasul Transport L.L.C — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०६/१२ — चलानी नं.: ६०२०८६०५ — L.T. No.: 293189 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Vehicle Driver (Taxi Driver) | 31 | 0 | स. काममा दक्ष | 1500 | ५६,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर, इटहरीमा २०८१ माघ ८ गते (21 January 2025) मा हुनेछ ।
अन्तर्वार्ता गल्फ ड्राइभिङ सेन्टर क्षेत्रपुर, चितवनमा २०८१ माघ ९ गते (22 January 2025) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ माघ १० गते (23 January 2025) मा हुनेछ ।
अन्तर्वार्ता एन एस ड्राइभिङ सेन्टर, पोखरामा २०८१ माघ ११ गते (24 January 2025) मा हुनेछ ।

कम्पनीः A B R E CONTRACTING LLC — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०९/०३ — चलानी नं.: ६०२२९८५४ — L.T. No.: 315598 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 12 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,८४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Concrete Masons | 5 | 0 | | 1200 | ४४,८४४ | | | | | | | |
| 3. | Construction Supervisor | 4 | 0 | | 1500 | ५६,०५५ | | | | | | | |
| 4. | Steel Fixer | 10 | 0 | | 1200 | ४४,८४४ | | | | | | | |
| 5. | Stone Mason | 20 | 0 | | 1200 | ४४,८४४ | | | | | | | |
| 6. | Welder | 3 | 0 | | 1200 | ४४,८४४ | | | | | | | |

अन्तर्वार्ता पिआइटी ट्रेनिङ, जनकपुरमा २०८१ माघ ९ गते (22 January 2025) मा हुनेछ ।
अन्तर्वार्ता महोत्तरीमा २०८१ माघ १० गते (23 January 2025) मा हुनेछ ।
अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर, इटहरीमा २०८१ माघ ११ गते (24 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

## बैंकको ब्याज दर घट्ने क्रम रोकियो
# माघ महिनामा अधिकांश वाणिज्य बैंकको ब्याज दर स्थिर

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, २९ पुस ।

बैकिङ तरलताको कारण निरन्तर घटिएको ब्याजदर घट्ने क्रम रोकिएको छ । नेपालमा सञ्चालनमा रहेको २० वटा बाणिज्य बैंकहरूले मध्ये अधिकांशले माघ महिनाको लागि ब्याजदर पुस महिनाकै दरमा कायम गरेका छन् । २० वटा वाणिज्य बैंकहरू मध्ये १७ वटा बैंकले माघ महिनाका लागि व्यक्तिगत मुद्दति निक्षेपको ब्याजदर पुस महिनाकै दरमा यथावत राखेका छन् । बैंकहरूले सार्वजनिक गरेको ब्याजदर अनुसार माघ महिनाको लागि लक्ष्मी सनराइज बैंकले शुन्य दशमलव २५ प्रतिशत बढाएको छ । यस्तै कृषि विकास बैंकले शुन्य दशमलव ०६ र नेपाल एसबिआई बैंकले शुन्य दशमलव ५ प्रतिशत घटाएको हो ।

**कुन बैंकको कति ब्याज**

| क्र.म. | वाणिज्य बैंक | २०८१ माघका लागि ब्याजदर |
|---|---|---|
| १ | कृषि विकास बैंक | ५.५१ प्रतिशत |
| २ | सिटिजन्स बैंक | ५.६५ प्रतिशत |
| ३ | एभरेस्ट बैंक | ६ प्रतिशत |
| ४ | ग्लोबल आईएमई बैंक | ५.७५ प्रतिशत |
| ५ | हिमालयन बैंक | ६.७५ प्रतिशत |
| ६ | कुमारी बैंक | ५.९१ प्रतिशत |
| ७ | लक्ष्मी सनराइज बैंक | ५.७५ प्रतिशत |
| ८ | माछापुच्छ्रे बैंक | ६ प्रतिशत |
| ९ | नबिल बैंक | ५.७५ प्रतिशत |
| १० | नेपाल बैंक | ५.६ प्रतिशत |
| ११ | नेपाल इन्भेस्टमेन्ट मेगा बैंक | ६.५ प्रतिशत |
| १२ | नेपाल एसबीआई बैंक | ५.५ प्रतिशत |
| १३ | एनआईसी एसिया बैंक | ६.६ प्रतिशत |
| १४ | एनएमबि बैंक | ६.६ प्रतिशत |
| १५ | प्रभु बैंक | ६.१ प्रतिशत |
| १६ | प्राइम कमर्सियल बैंक | ६.२५ प्रतिशत |
| १७ | राष्ट्रिय वाणिज्य बैंक | ६ प्रतिशत |
| १८ | सानिमा बैंक | ६.०५ प्रतिशत |
| १९ | सिद्धार्थ बैंक | ६ प्रतिशत |
| २० | स्ट्यान्डर्ड चार्टर्ड बैंक | ६.२५ प्रतिशत |

**५ महिनामा वाणिज्य बैंकको नाफा साढे ३० अर्ब**

२० वाणिज्य बैंकहरूले चालु आर्थिक वर्षको ५ महिनाको अवधिमा ३० अर्ब ५९ करोड रूपैयाँ खुद नाफा कमाएका छन् । गत आर्थिक वर्षको सोही अवधिमा बैंकहरूले २८ अर्ब २४ करोड रूपैयाँ नाफा कमाएका थिए । गत आर्थिक वर्ष भन्दा ५ महिनामा बैंकहरूको नाफा ८.३२ प्रतिशत वृद्धि भएको छ । चालु आर्थिक वर्षको पाँच महिनामा वाणिज्य बैंकहरूमध्ये सबैभन्दा धेरै नाफा कमाउनेमा नबिल बैंक अगाडि देखिएको छ । यसले ५ महिनामा ३ अर्ब ४९ करोड रूपैयाँ खुद नाफा कमाएको छ । सो बैंकले गत वर्षको ५ महिनामा २ अर्ब ९६ करोड रूपैयाँ खुद नाफा गरेको थियो ।

यस्तै, समीक्षा अवधिमा ग्लोबल आइएमई बैंकले २ अर्ब ८३ करोड नाफा गरेको छ भने नेपाल इन्भेष्टमेन्ट मेगाले २ अर्ब ४९ करोड, कुमारीले १ अर्ब ९९ करोड, प्राइम कमर्सियलले १ अर्ब ९६ करोड, एभरेष्ट बैंकले १ अर्ब ९४ करोड नाफा गरेका छन् । एनएमबीले १ अर्ब ९० करोड, प्रभुले १ अर्ब ८३ करोड, प्रभु बैंकले १ अर्ब ८३ करोड रूपैयाँ खुद नाफा कमाएको छ ।

सो अवधिमा लक्ष्मी सनराइज बैंकले १ अर्ब ६४ करोड, स्ट्यान्डर्ड चार्टर्ड बैंकले १ अर्ब ३७ करोड, नेपाल एसबीआई बैंकले १ अर्ब ३४ करोड, हिमालयन बैंकले १ अर्ब ३३ करोड नाफा कमाएका छन् । यसैगरी १ अर्ब भन्दा कम नाफा गर्ने बैंकमा सिद्धार्थले ९७ करोड, सानिमाले ९० करोड, राष्ट्रिय वाणिज्य बैंकले ८६ करोड, माछापुच्छ्रेले ८२ करोड, सिटिजन्सले ६९ करोड, एनआईसी एसिया बैंकले ६३ करोड रुपैयाँ खुद नाफा गरेका हुन् । २० वटा वाणिज्य बैंकमध्ये १३ वटा बैंकको अघिल्लो वर्षको मंसिर महिनाको तुलनामा नाफा बढेको छ । जसमध्ये सबैभन्दा धेरै नाफा वृद्धि हुनेमा नेपाल एसबीआई बैंक रहेको छ ।

## विपद्बाट क्षतिग्रस्त संरचना पुनर्निर्माण गर्न १ खर्ब बढी लाग्ने



**काठमाडौं/मस** – भूकम्प, बाढीपहिरोजस्ता प्राकृतिक विपद्बाट क्षति पुगेका विभिन्न संरचनाको पुनर्निर्माण गर्न करिब एक खर्ब एक अर्ब १२ करोड लागत अनुमान गरिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (एनडिआरआरएमए) ले विपद्पश्चात्को पुनर्निर्माण तथा पुनःस्थापना योजना स्वीकृत भएको जनाएको छ । तत्कालै लाभग्राहीसँग सम्झौता प्रक्रिया अघि बढ्ने जानकारी दिएको छ ।

आइतबार बसेको विपद् राष्ट्रिय परिषद्को १६औं बैठकले उक्त योजना स्वीकृत गरेको हो । बैठकले योजना कार्यान्वयनका लागि स्रोत व्यवस्थापन गर्न अर्थ मन्त्रालय, सम्बन्धित मन्त्रालय, प्रदेश र स्थानीय तहलाई आग्रह गर्ने तथा मन्त्रालयले सम्बन्धित निकायलाई निकासा दिने प्रबन्ध मिलाउन निर्देशन दिने निर्णय गरेको छ । प्राधिकरणका सहसचिव डा भीष्मकुमार भुसालले आगामी माघ २ गतेदेखि लाभग्राहीसँग सम्झौता हुने जानकारी दिए । उनकाअनुसार देशभर एक लाख २० हजार सात सय ३२ संरचनामा क्षति पुगेको थियो । त्यसमध्ये सडक पुल तथा यातायात क्षेत्रको क्षति तीन सय ८१ रहेको छ । यी संरचना पुनर्निर्माण गर्न २८ अर्ब १६ करोड लागत अनुमान गरिएको छ । आवश्यक लागत तीन आर्थिक वर्षसम्म जुटाउने र आयोजना सुधार तथा पुनर्निर्माण सम्पन्न गर्ने सरकारको लक्ष्य छ ।

प्राधिकरणकाअनुसार एक सय ७६ सरकारी भवन तथा सहरी पूर्वाधारमा क्षति पुगेको थियो । ती पूर्वाधार पुनर्निर्माणका लागि करिब रु दुई अर्ब ३१ करोड लागत अनुमान गरिएको छ । जसमध्ये आव २०८१/०८२ मा ६९ करोड २८ लाख, २०८२/०८३ मा ९२ करोड ४२ लाख र २०८३/०८४ मा ६९ करोड ३१ लाख खर्च गर्ने लक्ष्य छ । यसैगरी विद्युत्, वैकल्पिक ऊर्जा र सिँचाइ क्षेत्रमा १७ अर्ब ३५ करोड लागत अनुमान गरिएको छ । यस क्षेत्रका दुई हजार एक सय १९ आयोजनामा क्षति पुगेको थियो । यसैगरी एक लाख १५ हजार पाँच सय ५८ निजी आवासमा क्षति पुगेको छ । निजी आवास पुनर्निर्माण गर्न करिब ४० अर्ब लागत अनुमान गरिएको छ ।

विपद्बाट एक हजार पाँच सय ६२ शैक्षिक संस्थामा क्षति पुगेको थियो । जसको लागत पाँच अर्ब ९३ करोड लाग्ने अनुमान गरिएको छ । यसैगरी ९० स्वास्थ्य संस्थामा क्षति पुगेको र पुनर्निर्माण गर्न ७० करोड ७९ लाख लाग्ने अनुमान गरिएको छ ।

**कर्पोरेट**

## नागरिक लगानी कोषको १३ प्रतिशत लाभांश पारित




**काठमाडौं/मस** – नागरिक लगानी कोषले १३ प्रतिशत लाभांश पारित गरेको छ । कोषको सोमबार सम्पन्न ३०औं वार्षिक साधारण सभाले गत आर्थिक वर्ष २०८०/८१ को नाफाबाट १३ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको हो ।

साधारण सभाले गत आर्थिक वर्षको आम्दानी बाँडफाँट हिसाब विवरणमा छुट्टाइएको ८६ करोड ९० लाखबाट सात प्रतिशत बोनस शेयर र ६ प्रतिशत नगद लाभांश स्वीकृत गरेको हो । साधारण सभाले कोषका अध्यक्ष प्राडा सूर्यबहादुर थापाले पेस गरेको गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन पनि पारित गरेको छ । अध्यक्ष थापाले कोषले सञ्चालन गरेको विभिन्न बचत कार्यक्रमबाट अघिल्लो आर्थिक वर्ष २०७९/८० मा दुई खर्ब दुई अर्ब सात करोड संकलन भएकामा गत आर्थिक वर्षमा १२ दशमलव १९ प्रतिशतले बढेर दुई खर्ब २६ अर्ब ८३ करोड पुगेको बताए ।

त्यस्तै, चालु आर्थिक वर्ष २०८१/८२ को असोज मसान्तसम्ममा संकलित गरेको दुई खर्ब ४२ अर्ब १५ करोड पुगेको प्रतिवेदनमा उल्लेख छ । कोषले गत आर्थिक वर्ष २०८०/८१ मा दुई अर्ब सात करोड ६४ लाख कूल आम्दानी गरेकोमा सञ्चालन र अन्य खर्च कटाइ कर पछिको खुद मुनाफा एक अर्ब १५ करोड ८७ लाख रहेको छ ।

उक्त खुद मुनाफा रकमबाट २८ करोड ९६ लाख रकम जगेडा कोषमा राखी बाँकी ८६ करोड ९० लाखबाट सात प्रतिशत बोनस शेयर र छ प्रतिशत नगद लाभांश वितरण गरेको हो । नागरिक लगानी कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्कीले कोषको सञ्चालन र व्यवस्थापनमा सुधारका लागि विभिन्न रणनीति अघि सारिएको बताए । 'कोषले सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिँदै आधुनिक प्रणालीमार्फत् सेवा सहज बनाउने योजनालाई प्राथमिकतामा राखेको छ । साथै, अनावश्यक बैंक खाता कटौती गर्दै वित्तीय व्यवस्थापनलाई सरल र पारदर्शी बनाउने कार्य भइरहेको छ', उनले भने ।

कोषद्वारा सञ्चालित नागरिक स्टक डिलरको गतिविधि र नाफा अवस्थाबारे जानकारी गराउँदै कार्कीले यो वर्ष कोष नाफामै रहेको र कर्मचारी विनियमावलीको संशोधन प्रक्रिया पनि अघि बढेको बताए ।

## प्रोग्रेसिभ फाइनान्सको साधारणसभा



**काठमाडौं/मस** – प्रोग्रेशिभ फाइनान्स लिमिटेडको २७औं एवं २८औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । सोमबार २९ गते संस्थाका सञ्चालक समिति अध्यक्ष लक्ष्मीप्रसाद महर्जनको अध्यक्षतामा उक्त साभारण सभा सम्पन्न भएको हो । सभामा सञ्चालक समितिका तर्फबाट प्रतिवेदन पेश गर्दै अध्यक्ष महर्जनले संस्थाले आर्थिक वर्ष २०७९/८० तथा २०८०/८१ मा गरेका कार्यक्रम तथा गतिविधिहरू बारे प्रकाश पारेका थिए ।

उनले चालु आर्थिक वर्षमा संस्थाले सञ्चालन गरेका तथा आगामी आर्थिक वर्षमा संस्थाले सञ्चालन गर्ने कार्यक्रम तथा योजनाहरूबारे जानकारी दिएका थिए । साथै संस्थाले गत आर्थिक वर्षमा मुनाफा आर्जन गरी शेयरधनीहरूमा आशाको सञ्चार गराएको तथा शेयरधनीहरूबाट प्राप्त सल्लाह तथा सुझावहरूको सराहना गर्दै आगामी दिनहरूमा यस्ता सुझावहरु कार्यान्वयनको प्रतिबद्धता व्यक्त गरे ।

साधारण सभाले आर्थिक वर्ष २०७९/८० तथा २०८०/८१ को वित्तीय अवस्थाको विवरण, नाफा/नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणका साथै सम्पूर्ण अनूसूचीहरु सहितको वित्तीय विवरणहरू छलफल पश्चात स्वीकृत गरेको छ ।

## लुम्बिनी विकास बैंकको साधारणसभा




**काठमाडौं/मस** – लुम्बिनी विकास बैंक लिमिटेडको १७औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । सोमबार आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन पारित, आर्थिक वर्ष २०८१/८२ का लागि लेखापरीक्षकको नियुक्ति र ४ प्रतिशत नगद लाभांश तथा ३ प्रतिशत बोनस शेयर सहित कुल ७ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव अनुमोदन गर्दै बैंकको साधारण सभा सम्पन्न भएको हो । सभाको अध्यक्षता बैंक सञ्चालक समितिका अध्यक्ष चिन्तामणी भट्टराईले गरेका थिए ।

बैंकले देशका ७ वटै प्रदेशमा शाखाहरू विस्तार गर्दै कारोबार गरिरहेको छ । हालसम्म बैंकले ८९ वटा शाखा कार्यालय र एक विस्तारित शाखा (एक्सटेन्सन काउण्टर) मार्फत उच्चस्तरीय र सुरक्षित बैंकिङ सेवा प्रदान गरिरहेको छ । बैंकले 'निरन्तर सहयात्रा' भन्ने नाराका साथ बैंकले आधुनिक प्रविधि र नविनतम सेवा प्रदान गर्दै ग्राहकहरूको विश्वास आर्जन गर्न सफल भएको जनाएको छ । सभाले बैंकको स्थायित्व र विकासमा शेयरधनी तथा सरोकारवालाहरूको महत्वपूर्ण योगदानका लागि धन्यवाद ज्ञापन गरेको छ ।

## सीजी डिजिटलका ५ वटा नयाँ शो रुम उद्घाटन



**काठमाडौं/मस**– सीजी डिजिटलले एकैपटक पाँचवटा नयाँ शोरूम सञ्चालनमा ल्याएको छ । बिर्तामोड, दमक, वीरगञ्ज, नवलपरासी र काठमाडौंको बिशालनगरमा नयाँ शोरूम सञ्चालनमा ल्याएको हो । यी शाखाहरूमा ग्राहकले रेफ्रिजरेटर, वाशिङ मेसिन, एलईडी टिभी, चिम्नी, ग्यास चुल्हो, भान्साका उपकरणलगायतका इलेक्ट्रोनिक्स उत्पादनहरू पाउन सकिने कम्पनीले जनाएको छ । जहाँ अन्तर्राष्ट्रिय स्तरका उत्कृष्ट ब्रान्डहरू जस्तैः एलजी, सीजी, टीसीएल, गोदरेज, बेको, माइडिया, केन्ट, एलिका, सेन्सेइ, ब्ल्याक डेकर, क्रमस्टन, नोथिङ र एप्पल आइफोनलगायतका उत्पादनहरू उपलब्ध छन् ।

कम्पनीकाअनुसार यहाँ भएका विद्युतीय सामग्रीको पूर्ण जानकारी र यस अवसरमा ग्राहकले ३० प्रतिशतसम्मको छुट पाउन सक्नेछन् । तर, यो छुट सीमित अवधिका लागि मात्र मान्य हुनेछ । कम्पनीकाअनुसार यसमा फ्री डेलिभरी, फ्री इन्स्टलेसन, अन स्पोट इएमआई, एक्सचेन्ज अफसर र लियालिटी पोइन्ट्स जस्ता सुविधाहरू पनि समावेश छन् ।

कम्पनीले नयाँ शाखाहरूमा फ्री कुकिङ क्लास र लाइभ डेमोको समेत व्यवस्था गरेको छ, जसमा सहभागी भएर खाना पकाउने कला सिक्न सकिने छ । यी ५ वटासमेत गर्दा सीजी डिजिटलका शाखाहरूको संख्या २७ पुगेको छ ।

## मुक्तिनाथ विकास बैंकको साधारणसभा




**काठमाडौं/मस** – मुक्तिनाथ विकास बैंक लिमिटेडको अठारौं वार्षिक साधारण सभा सम्पन्न भएको छ । पोखरामा सोमबार सम्पन्न साधारण सभाले आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन पारित गरेको छ भने प्रति शेयर एक सय रूपैयाँका दरले १ अर्ब बराबरको मुक्तिनाथ ८.५ प्रतिशत अविमोच्य असञ्चित अग्राधिकार सेयर सम्बन्धित नियमानकारी निकायको स्वीकृति पश्चात जारी गर्ने प्रस्ताव समेत स्वीकृत गरेको छ ।

यसैगरी आव २०८१/०८२ का लागि लेखापरीक्षकको नियुक्ति, काठमाडौंको लाजिम्पाटमा निर्मित भवनमा केन्द्रीय कार्यालय स्थानान्तरण गर्ने लगायतका प्रस्ताव समेत पारित भएको छ । बैंकले साधारण सभाको अवसरमा बैंक स्थापना गर्न योगदान पुऱ्याउने ३० जना संस्थापक लगायत अन्य सेयरधनी एवं सञ्चालक सदस्यहरूलाई सम्मान समेत गरेको छ ।

## ज्योति विकास बैंकको वार्षिक साधारणसभा सम्पन्न




**काठमाडौं/मस**- ज्योति विकास बैंक लिमिटेडको १७औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । सभा पुष २९ गते, सोमबार बैंकका सञ्चालक समितिका अध्यक्ष हरिचन्द्र खड्काको सभापतित्वमा सम्पन्न भएको हो । उक्त सभामा बैंकका सञ्चालक समितिका सदस्यहरू, भूतपूर्व अध्यक्ष तथा सञ्चालकहरू, शेयरधनी, बैंकका विभिन्न पदाधिकारीहरू लगायतको उपस्थिति थियो । बैंकका अध्यक्ष हरिचन्द्र खड्काले पानसमा दीप प्रज्वलन गरी औपचारिक रूपमा सभाको शुभारम्भ गरेका थिए ।

उक्त साधारण सभाले बैंकको आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्नुका साथै लेखा परीक्षकको प्रतिवेदन सहित २०८१ असार मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने प्रस्ताव पारित गरेको छ । साथै, साधारण सभाले ज्योति विकास बैंकको संस्थापक शेयरधनी समूहको तर्फबाट हरिचन्द्र खड्का, रामकुमार श्रेष्ठ र सन्तोष अधिकारी तथा सर्वसाधारण शेयर धनी समूहको तर्फबाट ध्रुव कोइराला र नरेशराज आचार्यलाई आगामी ४ वर्षको लागि सञ्चालक समितिको सञ्चालक पदमा निर्विरोध निर्वाचित गरेको छ ।

साधारण सभामा बैंकका अध्यक्ष खड्काले वार्षिक प्रतिवेदन संक्षेपमा प्रस्तुत गरेका थिए । यसैगरी, सभामा बैंकका प्रमुख कार्यकारी अधिकृत कपिल ढकालले समीक्षा अवधिमा बैंकले हासिल गरेका मुख्य उपलब्धिहरूको जानकारी गराएका थिए । साथै, आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदनमा विभिन्न शेयरधनीहरूले आ-आफना जिज्ञासा र सुझावहरू व्यक्त गरेका थिए । शेयरधनीहरूबाट आएका उक्त जिज्ञासाको जवाफ अध्यक्ष खड्का र प्रमुख कार्यकारी अधिकृत ढकालले दिएका थिए ।

यसका साथै सभा सम्पन्न भए पश्चात् बसेको सञ्चालक समितिको बैठकले संस्थापक शेयर धनी समूहका तर्फबाट सञ्चालकमा निर्विरोध निर्वाचित हरिचन्द्र खड्कालाई सर्वसम्मत रूपमा अध्यक्ष चयन गर्ने निर्णय गरेको छ । श्री खड्का बैंकको निवर्तमान सञ्चालक समितिमा समेत अध्यक्षको भूमिकामा रहेका थिए ।

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ